# अध्याय : एक
# शोध अनुसन्धानको परिचय

## १.१ पृष्ठभूमि

नेपाल भौगोलिक रुपमा सानो राष्ट्र भएपनि वहुभाषिक, वहुजातीय, वहुसाँस्कृतिकएवम् वहुधार्मिक मुलुकहो । यहाँ वसोवास गर्ने विभिन्न जात जातिका मानिसहरुका आफ्नै मौलिकता, साँस्कृतिक परम्परा र रीतिरिवाजहरू रहेका छन् । तसर्थ यहाँ वसोवास गर्ने विभिन्न जाति तथा समूदायका आफ्नै मौलिकता, संस्कृति,जातीय विशेषता, जीवनशैली र मूल्य मान्यताहरू रहेका छन् । अधिकाश यहाँ वसोवास गर्ने विविध जात जातिका विचमा द्वन्द तनाव नभइ एक अर्का वीच सामाजिक सहिष्णुता रहेको पाइन्छ । यहाँ अनेकतामा एकताको भाव राष्ट्रियता प्रति सबैको एकमत रहेको छ । नेपालको इतिहाँसलाई हेर्ने हो भने यहाँ वसोवास गर्ने विभिन्न जाति र समूदायका मानिसहरू विभिन्न समयमा उत्तर र दक्षिणबाट नेपालमा प्रवेश गरेको पाइन्छ । यसरी विभिन्न समयमा नेपालमा प्रवेश गर्ने क्रममा विभिन्न जाति समूदायहरूले आफ्नो भाषा, धर्म, संस्कृतिलाई सँगै लिएर आए । ती जातिहरु मध्ये एक मगर जाति हो । मगर जाति मंगोल मूलका जनजाति मानिन्छन् । मंगोल मुलका जनजातिहरूमा मगर, तामाङ, गुरुङ, राई, शेर्पा, जिरेल, लिम्वू, थकाली, लेप्चा, धिमाल, मेचे, चेपाङ, थारु, दुरा, नेवार आदि पर्दछन् । नेपाल सरकारले २०५८ सालमा ५९ जातिलाई जनजातिको मान्यता दिएको छ । ति जातिहरूलाई ५ समूहमा वर्गीकरण गरिएको छ । तिनिहरू हुन १) उन्नत समूह २) सुविधा वञ्चित समूह ३) सिमान्तकृत समूह ४) लोपोन्मुख समूह ५) अतिलोपोन्मुख समूह। मगर जाति सुविधा वञ्चित समूहमा पर्दछ । विभिन्न जातजातीहरूको साझा फूलवारीको रूपमा रहेको नेपालमा वि.सं. २०५८ को राजपत्रमा ५९ जनजातिमध्ये २६ जनजातिको विवरण खुलाएको छ । जसमध्ये मगर, गुरुङ, दनुवार, तामाङ, राउटे, नेवार, भोटे, वोटे, कुमाल, लिम्वू, राई, लेप्चा, दराई, चेपाङ, सुनुवार, शेर्पा, थकाली आदि रहेका छन् ।

विक्रम संवत २०५८ को राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्याको ३५.६ प्रतिशत अर्थात ६५,६२,२६५ जना जनजातिहरू रहेका छन् भने २०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसख्याको ३५.४ प्रतिशत अर्थात ९३,६८,१७८ जना

जनजातिहरू रहेका छन् । विभिन्न जनजातिहरू मध्ये नेपालको हिमाली क्षेत्रमा मंगोलियन मूलका शेर्पा, भोटे, थकाली, तामाङ, गुरुङ आदि जनजातिहरूको वसोवास रहेको पाइन्छ । मध्ये पहाडी क्षेत्रमा मगर, गुरुङ, नेवार, राई, लिम्वु आदिको वसोवास रहेको छ । त्यस्तै दक्षिणी भेगमा मेचे, कोचे, चेपाङ, धिमाल, दनुवार, यादव, थारु, राजवंशी, कुमाल, दराई आदिको वाहुल्यता रहेको पाइन्छ तापनि वसाईं सराईं, (रोजगार, सविधा, सुगमता) का कारणले गर्दा नेपालको सर्वत्र भूभागमा छरिएर रहेका विभिन्न जनजातिहरू मध्ये मगर पनि एउटा समूदाय हो । मगरहरू मूख्यतः मगरात क्षेत्र पहाडी क्षेत्रमा परापूर्व कालदेखि वसोवास गर्दै आएका छन् । त्यसैले यिनिहरू नेपालको आदिवासी जनजाति मानिन्छन् । यिनिहरूलाई आदिवासी मानिनुको तात्पर्य भनेको आफ्नै अलग पहिचान, निश्चित भौगोलिक क्षेत्र, भाषा, धर्म, सस्कृति, रितिरिवाज, परम्परा र म नभइ हामीको भावना भएकाले हो । नेपालको एकिकरणपछि पूर्व मेची देखि पश्चिम महाकालीसम्म नेपाल अधिराज्य भर यो जाति छरिएर रहेका छन् । त्यस्तै नेपाल वाहिर भुटान, भारतका विभिन्न क्षेत्र (सिक्किम, दार्जलिङ, देहरादुन) तथा अन्य देशहरुमा छरिएर रहेका छन् । मगर भाषा भोट वर्मेली भाषा परिवार अन्तर्गत पर्दछ । भोट वर्मेली परिवार अन्तर्गतको मगरातीभाषा मगरहरूको मातृभाषा हो । यस भाषालाई १८ मगराँती भाषा र १२ मगराँती भाषा गरी दुई समूहमा विभाजन गर्न सकिन्छ । १८ मगराती भाषा अन्तर्गत खामभाषा र काइके भाषा पर्दछन् । यो भाषा विशेष गरी रुकुम, रोल्पा, सल्यान, गुल्मी, वाग्लुङ, डोल्पा आदि जिल्लाहरूमा वसोवास गर्ने मगरहरू वोल्ने गर्दछन् भने पाल्पा, स्याङ्गजा, तनहुँ, नवलपरासी, चितवन, अर्घाखाँची, धनकुटा, धरान आदि जिल्लामा वसोवास गर्ने मगरहरु १२ मगराती भाषा वोल्ने गर्दछन् ।

नेपालमा वाइसे चौविसे राज्यहरू रहेको समयमा तात्कालिन शासकहरूका संरक्षकका रुपमा चिनिने मगर छोटो कद, थेप्चा नाक, रातागाला, थेप्चो अनुहार, शरीरमा रौं कमहुने यस जातिका महिला पुरुषहरूको विशेषता हुन्छ । मगरहरू आदिवासी जनजाति भएपनि अन्य जातिको तुलनामा उनीहरूको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा नीति निर्माणको तहमा पुग्न सकेका छैनन् । अहिले भने संघियताका कारणले केही मात्रामा समावेश भएका छन् । २०६८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालको जनसंख्या २,६४,९४,५०४ रहेको छ । त्यस मध्ये १८,८७,७३३ जना अर्थात ७.१२% मगरहरूको जनसख्या रहेको छ । (राष्ट्रिय जनगणना २०६८ अनुसार)

तनहुँ प्राचिनकाल देखि नै खस वाहुनहरूसँगको निकट सम्पर्कले गर्दा मगरहरू तिनै खस वाहुनहरूबाट अत्याधिक रुपमा प्रभावित हुन पुगे नेपालको उत्तरी भेगमा रहेका मगरहरू वाहेक अन्य क्षेत्रका मगरहरूमा खस वाहुनकै बढि प्रभाव परेको हुँदा उनीहरूका पुरेत व्राम्हण जात वा आफ्नै जातका राख्ने चलन छ । जसलाई भुषाल/वापा भनिन्छ । मगरहरू हिन्दु धर्म, बौद्ध धर्म र प्रकृतिका पुजकहरू पनि छन् । तसर्थ उनीहरू दशैं, तिहार, साउने संक्रान्ती, माघे संक्रान्ती, बैशाख पूर्णिमा (चण्डी पूर्णिमा), कूलपुजा, तिज जस्ता चाडपर्वहरु मनाउने गर्दछन् । उनीहरूको विवाह आफ्नै जातविच भएपनि सगोत्र भित्र हुदैन । मगर पितृ सतात्मक परिवार हो तापनि यो जातिमा पुरुषभन्दा महिला बढि स्वतन्त्र हुन्छन् । महिला पुरुष दुवै परिश्रमी र वलिया हुन्छन् । पुरुषहरू मजदुरी, मेलाको काम, खेत जोत्ने, खन्ने, दाउरा ल्याउने, कडाभारी वोक्ने जस्ता वाहिरका काम गर्दछन् भने महिलाहरू घरमा खाना पकाउने, भाडा माझ्ने, वालवच्चा स्याहार गर्ने, गाईवस्तु, वाखा, कुखुराको हेरचाह गर्ने जस्ता आदि काम गर्दछन् । त्यस्तै पुरुषहरू रक्षक सैनिक/प्रहरी पेशामा स्वदेश तथा विदेशमा जाने गर्दछन् ।

**तालिका १**

**तनहुँ जिल्लाको जातजाति अनुसार जनसख्या विवरण**

| क्र.सं. | जात | जम्मा | प्रतिशत | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १ | मगर | ८७०७८ | २७ | ३८१६० | ४८९१८ |
| २ | व्राम्हण | ३८३८२ | १२ | १७३३९ | २१०४३ |
| ३ | क्षेत्री | ३७८०९ | १२ | १६६७७ | २११३२ |
| ४ | गुरुङ | ३७३२५ | १२ | १६३२२ | २१००३ |
| ५ | कामी | २५३७५ | ८ | ११११०३ | १४२७२ |
| ६ | नेवार | २४८२४ | ८ | १११३४ | १३६९० |
| ७ | सार्की | १३९२५ | ४ | ५८४९ | ८०७६ |
| ८ | दमै/ढोली | १०९१६ | ३ | ४८१२ | ६१०४ |
| ९ | घर्ती/भुजेल | ८०५० | २ | ३६७५ | ४३७५ |
| १० | कुमाल | ७९५५ | २ | ३४७५ | ४४८० |
| ११ | ठकुरी | ७५०८ | २ | ३२८७ | ४२२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | तामाङ्ग | ४२३९ | १ | १९८३ | २२५६ |
| १३ | मुशलमान | ४१७१ | १ | २०१० | २१६१ |
| १४ | दरै | ४११८ | १ | १८५२ | २२६६ |
| १५ | दशनामी/सन्यासी | १९७९ | १ | ९१३ | १०६६ |
| १६ | वादी | १७१७ | १ | ७७८ | ९३९ |
| १७ | वोटे | १२९३ | ० | ६०५ | ६८८ |
| १८ | राई | ८३१ | ० | ४३२ | ३९९ |
| १९ | दुरा | ८२२ | ० | ३७३ | ४४९ |
| २० | माझी | ५४३ | ० | २८५ | २५८ |
| २१ | थारू | ४२७ | ० | २६५ | १६२ |
| २२ | चेपाङ्ग/प्रजा | ३९३ | ० | १९४ | १९९ |
| २३ | यादव | ३०८ | ० | १३२ | १७६ |
| २४ | गाईने | २६७ | ० | १३७ | १३० |
| २५ | सुनुवार | १९४ | ० | ८९ | १०५ |
| २६ | काठबानिया | १७३ | ० | ९५ | ७८ |
| २७ | तेली | १६० | ० | १०६ | ५४ |
| २८ | थकाली | १५८ | ० | ७० | ८८ |
| २९ | घले | १५३ | ० | ६९ | ८४ |
| ३० | हजाम | ११३ | ० | ७२ | ४१ |
| ३१ | खवास | १०७ | ० | ४८ | ५९ |
| ३२ | लिम्वू | ८६ | ० | ३८ | ४८ |
| ३३ | कलवार | ८२ | ० | ६१ | २१ |
| ३४ | बंगाली | ६६ | ० | ३९ | २७ |
| ३५ | कुर्मी | ६४ | ० | ३४ | ३० |
| ३६ | मल्लाह | ५९ | ० | ४८ | ११ |
| ३७ | ब्राम्हु/बारामो | ५७ | ० | ३० | २७ |
| ३८ | लोपा | ५७ | ० | २९ | २८ |

स्रोत:गाँउपालिका/नगरपालिकाको वस्तुगत विवरण तनहुँ–२०७५

यसरी तनहुँ जिल्लामा बसोबास गर्ने मानिसहरूको जनसंख्या ३२३२८८ रहेको छ । जसमा ३८ जातिहरूको बसोबास रहेको पाइन्छ । जसमा सबैभन्दा धेरै ८७०७८ जना अर्थात २७ प्रतिशत जनसंख्या मगरजाति रहेको छ ।

## १.२ समस्या कथन

नेपाल एक वहुभाषिक, वहुधार्मिक तथा वहुजातिय देश हो । यहाँ वसोवास गर्ने जनजातिको आ–आफ्नै भेषभुषा, भाषा, धर्म, रीतिरिवाज भएको पाइन्छ । मगर जाति आफ्नै सामाजिक, सास्कृतिक, आर्थिक, धार्मिक परम्परा भएको जाति हो । मगर जातिहरूको पनि ठाउँ विशेष अनुसार भाषा, सस्कृति, रीतिरिवाज, प्रथा, परम्परा, धर्म फरक फरक रहेको पाइन्छ । कुनै ठाउँका मगर हिन्दु र कुनै ठाउँको मगर बौद्ध धर्म मानेको पाइन्छ । भाषाका दृष्टिकोणबाट हेर्दा पूर्वदेखि पश्चिमसम्म भाषिक विविधता पाइन्छ ।

नेपालको सामाजिक, सास्कृतिक विकासमा मगर जातिको महत्वपूर्ण भूमिका भएपनि उनीहरुको आर्थिक अवस्था भने कमजोर नै देखिन्छ । मगरको सामाजिक, सांस्कृतिक सस्कारहरूले नेपाली सांस्कृतिक सम्पदाको संरक्षण गरेको छ । जातीय संस्कृति भनेको कुनै जातको नभइ राष्ट्रको साझा सम्पत्तीहो ।

परम्परागत पेशा तथा व्यवसायबाट माथि उठ्न नसकेका मगरहरू आफ्नो मौलिक सस्कृतिको संरक्षण गर्ने भन्दा पनि आधारभूत आवश्यकताको परिपूर्ती गर्ने सन्दर्भमा मात्रै सीमित रहन पुगेका छन् । मौलिक लोक सस्कृति, रीतिरिवाज, विवाह सस्कार, चाडपर्व, पुजाआजा विस्तारै अन्य पर संस्कृतिकरणको प्रभावले हराउँदै जाने स्थीति देखापरेको छ । आधुनिक जमानामा पनि मगर जाति अन्धविश्वास र रूढिवादि मान्यताबाट ग्रसित छ । नेपालका विभिन्न स्थानमा वसोवास गर्ने मगरहरूको सामाजिक, सास्कृतिक, आर्थिक अवस्था फरक फरक रहेको पाइन्छ । यस्तै यहाँका अधिकांश जनता गरीविको रेखा मुनि जीवन विताउन वाध्य छन् । यस्तो अवस्थामा तनहुँ जिल्लाका मगर जातिहरू परम्परागत पेशाबाट खासै माथि उठ्न सकिरहेका छैनन् । यहाँका मगरहरूको जीविकोपार्जनको मूख्य स्रोत कृषि पेशा नै हो । यहाँ त्यति खेती योग्य जमिनको अप्रयाप्तता, परम्परागत खेती प्रणाली, उन्नतविउ, सिँचाइको अप्रयाप्तता आदिका कारणले कृषिबाट खर्चलाई धान्ने अवस्था छैन । उत्पाधित अन्न रक्सी उत्पादन गर्दा खर्च गर्ने हुँदा झन् समस्या थपिएको देखिन्छ । यस घिरिङ्ग गाउँपालिकाका मगर समूदायहरू यी समस्याबाट अलग रहन सकेका

छैनन् । मगरहरू एउटै जाति भएतापनि नेपालको भौगोलिक अवस्था, वातावरण, सास्कृतिक समूहहरूसँगको घुलमिलका कारण एउटै जातिमा पनि विविधता पाइन्छ । यस जातिको सामाजिक, सास्कृतिक र आर्थिक अवस्थाको अध्ययन गरी यस जातिको सामाजिक, सास्कृतिक अवस्थाको विभिन्न क्षेत्रगत विषयमा थप खोज अनुसन्धान र संरक्षण गर्न आवश्यक देखिन्छ । साथै यस अध्ययन तनहुँ जिल्लाको घिरिङ्ग गाँउपालिकाका मगरहरूमा आफ्नै मौलिकता पाइनुले त्यहाँका मगर जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षहरूका वारेमा विभिन्न स्रोत र सामाग्रीको आधारमा तथ्याङ्क संकलन गरी मगर जातिहरूको पहिचान गराउन सक्ने एउटा दस्तावेज तयार गर्नु नै यस शोधको समस्या हो ।

१.घिरिङ्ग गाँउपालिकाका मगर जातिहरूको सामाजिक जनजीवन के कस्तो छ ?

२.त्यहाँका मगर जातिहरूको वर्तमान आर्थिक अवस्था के कस्तो छ ?

३.त्यहाँका मगर जातिहरूको संस्कृतिके कस्तो छ ?

आदि जस्ता सामाजिक, आर्थिक र सास्कृतिक पक्षहरू यस अनुसन्धानका समस्याहरू रहेका छन् ।

## १.३ अध्ययनको उद्देश्य

मगर समूदायमा सामाजिक तथा सांस्कृतिक विविधता रहेका छन् । फरक फरक ठाउँमा वस्ने मगर जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षहरू भिन्नभिन्न रहेका हुन्छन् । तसर्थ यस अध्ययनको उद्देश्य घिरिङ्ग गाउँपालिकाका मगरहरूको सामाजिक, आर्थिक, सांस्कृतिक पक्षभित्र रहेका निम्न कुराहरूको अध्ययन गर्ने कार्यमा केन्द्रित रहेको छ ।

१.३.१ तनहुँ जिल्ला घिरिङ्ग गाउँपालिकामा रहेको मगर जातिहरूको चिनारी दिनु,

१.३.२ तनुहुँ जिल्ला घिरिङ्ग गाउँपालिकाका मगर जातिको सामाजिक तथा सांस्कृतिक अवस्थाको वर्णन गर्नु,

१.३.३ तनुहुँ जिल्ला घिरिङ्ग गाउँपालिकाका मगर जातिको आर्थिक अवस्था वारेमा वर्णन गर्नु ।

## १.४ अनुसन्धान विधि

कुनै पनि अनुसन्धानका लागि अनुसन्धान विधि महत्वपूर्ण हुन्छ । अनुसन्धान विधि नै अध्ययन विधि हो । कुनै पनि शोध कार्य सम्पन्न गर्नका लागि एउटै विधि मात्र प्रयाप्त नहुन सक्छ । प्रत्येक कुरालाई वास्तविक रुप दिएर सजीव तुल्याउन विभिन्न किसिमको विधि तथा तौर तरिकाको आवश्यकता पर्दछ । अनुसन्धान एक विशिष्ट, व्यवस्थित एवमं सत्य तथ्यहरूको वास्तविक खोजीकार्य भएकाले यसका लागि एउटै विधिले मात्र सम्पूर्ण सूचनाको स्रोत प्राप्त गर्न सकिदैन । तसर्थ यहाँ विभिन्न विधिबाट तथ्य संकलन गर्ने प्रयास गरिएको छ । यस अनुसन्धान पद्धति भित्र अनुसन्धानसँग छनौट, अनुसन्धान ढाँचा, तथ्याङ्कको समग्रता, नमूना छनौट, तथ्याङ्कका स्रोतहरू, तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण आदि पक्षहरू देखाइएको छ । यस अनुसन्धानमा सर्वेक्षण विधि, पुस्तकालय विधि, क्षेत्रीय अध्ययन विधिका साथै व्याख्यान तथा विश्लेषण विधिको पनि आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

### १.४.१ अध्ययन क्षेत्रको छनौट

नेपाल संघियतामा गए पश्चात सात प्रदेशहरू मध्ये १६ जिल्लाहरू रहेको गण्डकी प्रदेशमा पर्ने तनहुँजिल्ला एक हो । यो जिल्ला विकासका पूर्वाधारहरूका आधारमा त्यति अगाडी देखिदैन । यस्तो पहाडी जिल्लामा रहि यो जिल्ला भित्रको एउटा समूदायको अध्ययन र अनुसन्धान गरी सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाका बारेमा उजागर गरेर यथार्थता पत्ता लगाउनुको साथै इतिहासको एउटा विद्यार्थीका हैसियतले एउटा समूदायको अध्ययन गर्नु मेरो कर्तव्य हो ।त्यही मनसायले यस क्षेत्रलाई अध्ययन क्षेत्र छनौट गर्ने निष्कर्षमा पुगेको हुँ ।

यस अध्ययनका लागि तनहुँ जिल्लाको घिरिङ्ग गाउँपालिका छनौट गरिएको छ । यस गाउँपालिकामा गुरुङ, व्राम्हण, क्षेत्री, सुनार, नेवार आदि जातजाति भएता पनि प्रमुखजातिका रुपमा रहेको मगरहरू अन्य जातिको तुलनामा सामाजिक, आर्थिक रुपमा पछि परेको उनीहरूको जीवनशैली, रहन सहनतथा परम्परा अन्यजातिको भन्दा फरक रहेको छ । चाडपर्वहरूमा बढि खर्च गर्ने प्रवृत्ति रहेकोले उनीहरुको आर्थिक, सामाजिक पक्षमा पारेको प्रभाव तथा यसका प्रभावहरूलाई कम गर्नका लागि सहयोग गर्ने उद्देश्यका साथै यस स्थानमाहालसम्म मगर जातिको वारेमा कहिकतैबाट अध्ययन अनुसन्धान भएको नभएकोले यो क्षेत्र छनौट गरिएको छ । तनहुँ जिल्लाका ४ वटा नगरपालिका र ६ वटा गाउँपालिका

रहेका छन् । यस घिरिङ्ग गाउँपालिकामा ५ वटा वडा रहेका छन् ।

- तनहुँ जिल्लाका ४ नगरपालिका र ६ गाउँपालिकाहरू मध्ये घिरिङ्ग गाउँपालिकामा तुलनात्मक रुपमा मगरहरूको वाहुल्यता रहेकाले ।
- यस गाउँपालिका सबै वडाहरूमा मगरहरूको वसोवास रहेकाले ।
- यहाँका मगरहरूको रहन सहन, जीवनशैली र चाडपर्व मनाउने प्रवृत्तिभिन्न रहेकोले ।
- यस क्षेत्रका मगरहरूको अध्ययन कसैले पनि नगरिएकाले ।
- शोधकर्ताको साथीहरु अध्ययन क्षेत्रमा रहेकाले अध्ययन क्षेत्रको छनोट गरिएको हो ।

### १.४.२ अनुसन्धान ढाँचा

यो अध्ययनको प्रकृति यस तनहुँ जिल्लाको घिरिङ्ग गाउँपालिकामा वसोवास गर्ने मगर समूदायको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको वारेमा बुझ्न वर्णनात्मक ढाँचा (Descriptive Research Design) र विश्लेषणत्मक ढाँचा (Analytical Research Design) को प्रयोग गरिएको छ ।

### १.४.३ अध्ययनको समग्रता र नमूना छनौट

यस अध्ययन क्षेत्र घिरिङ्ग गाउँपालिकामा वसोवास गर्ने कुल जनसंख्या १९,३१८ मध्ये ९,८०३ जना मगरहरूको जनसंख्या रहेको छ । यस गाउँपालिकाका कुल घरधुरी ४१३७ मध्ये १९९८ घरहरूमा मगरहरूको वसोवास रहेको छ । जसमध्ये २.५प्रतिशतले हुनआउने घरपरिवारलाई नमूनाको रुपमालिई ५० (४९.९५) घरधुरीलाई नमूना छनौट गर्दा सम्भाव्यता नमूना छनौट (Probability Sampling) विधिको आधारमा साधारण दैवीनमूना छनौट प्रणाली (Simple Random Samling Method) को प्रयोग गरिएको छ । यी मगरहरूको घरलाई मात्र नमूना लिनुको कारण यो जातिको रहन सहन, जीवनशैली, जीविकोपार्जन जस्ता आधारभूत कुराहरूमा समानताभएको हुनाले ५० घर परिवारलाई सम्पूर्णता मानि अध्ययन गरिएको छ । नमूना संकलन गर्ने क्रममा सर्वप्रथम सर्वेक्षणका आधारमा सबै घरमूलीको नाम संकलन गरिएको छ । यसरी नमूना सर्वेक्षणका आधारमा लिएको घरबाट १/१ घरमुलिलाई आफूले तयार पारेको प्रश्नावलीका आधारमा आवश्यक पर्ने तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क संकलन गर्दा आवश्यकता अनुसार असंरचित प्रश्नहरू पनि सोधीतथ्याङ्क संकलन

गरिएको छ । यसका साथै अन्य आवश्यक तथ्यहरू जस्तै मगर जातिको परम्परा, धर्म, संस्कृतिका बारेमाजान्ने बुढापाका व्यक्तिहरू, विज्ञहरू, शिक्षक, स्थानिय राजनैतिक कर्मीहरू तथा समाज सेवीहरूलाई मूख्य सूचनादाताहरूका रुपमालिइएको छ । मूख्य सूचना दाताहरूलाई प्रश्न सोधी आवश्यक पर्ने महत्वपूर्ण तथ्याङ्कहरू संकलन गरिएको छ ।

### १.४.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस शोध पत्रमा अनुसन्धानको शीर्षक अनुरुप प्राथमिक तथ्याङ्क (Primary Data) र द्धितीय स्रोत (Secondary Data) को प्रयोग गरिएको छ । यस अध्ययनमा प्राथमिक स्रोत अन्तर्गत प्रत्यक्ष रुपमा नमूनाका रुपमा छनौट गरिएका प्रत्येक घरहरूमा संरचित प्रश्नावली मार्फत तथ्याङ्क संकलन गरिएको छ । यसै गरी लक्षित समूहमा सामूहिक छलफल, अवलोकन, व्यक्तिगत तथा सामूहिक भेटघाट गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

द्धितीय स्रोतको रुपमा अध्ययन विषयसँग सम्वन्धित विभिन्न विद्वानहरूले प्रकाशन गरेका लेख रचना, पत्रपत्रिका आदिबाट तथ्याङ्क संकलनगरिएको छ । त्यसै गरी सम्वन्धित गाउँपालिकाको कार्यालय रेकर्ड, केन्द्रिय तथ्याङ्क विभागको रेकर्ड तथा जनजातिय प्रकाशनबाट तथ्याङ्क लिइएको छ । जसले गर्दा अनुसन्धानको विषय वास्तविक, विश्वसनिय र प्रभावकारी वनाउने प्रयास गरिएको छ ।

### १.४.५ तथ्याङ्क संकलनविधि

यस अध्ययनको क्रममा आवश्यक तथ्याङ्क प्राप्त गर्न निम्न विधि अवलम्वन गरिएको छ । प्रश्नावली, सामूहिक छलफल, अवलोकन, भेटघाट आदिबाट तथ्याङ्क संकलन गरिएको छ ।

#### क) अवलोकन र सर्वेक्षण

मगरहरूको सामाजिक, सांस्कृतिक एवमं आर्थिक स्थितिको वारेमातथ्य संकलनका क्रममा ५० घरधुरीका मुलिहरूलाई अन्तर्वार्ता लिइएको छ । उनीहरूको जमिनको वनाउट, घरको पारिवारिक स्थिति, घरको वनाउट, घर वरपरको वातावरण, सरसफाई, लगाई खवाई, भाषाआदिको वारेमाअवलोकन र  सर्वेक्षण गरिएको छ ।

**ख) अन्तर्वार्ता सूचि**

यस विधिबाट संरचित प्रश्नावली प्रयोग गरि अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क संकलन गरिएको छ । यसका माध्यमबाट मगरहरूको पेशा व्यवसाय, परिवारको प्रकार, जग्गा जमिनको अवस्था, विवाह, प्रमुख चाडपर्वहरू आदिका बारेमा तथ्याङ्क संकलन गरिएको छ । यसमा मगर जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको वारेमा जानकारी भएका गाउँघरका बुढापाका, विद्यालयका शिक्षक शिक्षिका, कर्मचारीहरू, स्थानिय राजनैतिककर्मी, गाउँघरका अगुवा, समाजसेवी, सामाजिक कार्यकर्तासँग सम्पर्क गरी मगर जातिको इतिहाँस, पेशा, व्यवसाय, वसाइसराइ, अन्य जातिसँगको सम्वन्ध घरपरिवार तथा समाजमा महिलाको अवस्था, भूमिका, स्वास्थ्य सेवा लगायतका सामाजिक क्रियाकलापका बारेमा प्रश्नहरू गरिएको छ ।

### १.४.६ तथ्याङ्कको प्रस्तुति एवमं विश्लेषण

तथ्याङ्क संकलनका क्रममा प्राथमिक तथा द्वितीय स्रोतबाट संकलन गरिएका तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार वर्गीकरण गरिएको छ । विभिन्न स्रोतबाट संकलन गरिएका संख्यात्मक तथ्याङ्कहरूलाई क्रमवद्ध रुपमा तालिकामा देखाइएको छ । कतिपय गुणात्मक तथ्याङ्कहरूलाई आवश्यकता अनुसार व्याख्या विश्लेषण गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई प्रतिशतमा देखाइएको छ ।

## १.५ शोधको सीमा

जुनसुकै अध्ययनको पनि क्षेत्र तथा परिवेश व्यापक हुन्छ । यस अध्ययनमा पनि विभिन्न जनजाति, भाषा भाषी, वहुसख्यक रहन सहन, रीतिरिवाज छन् । त्यसैले सानो अध्ययनमा सबै जातजाति, भाषा भाषीको अवस्थाका साथै देश भरका सबै मगर जातिको अध्ययन सम्भव नभएकाले तनहुँ जिल्ला घिरिङ्ग गाउँपालिकाका मगर जातिको मात्र अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनलाई निम्नानुसार सिमांकन गरिएको छ ।

१.५.१ यो शोधमा तनहुँ जिल्ला घिरिङ्ग गाउँपालिकाका मगर जातिमा मात्र सीमित रहेको छ ।

१.५.२ यो शोधमा घिरिङ्ग गाउँपालिकाका मगर जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको मात्र अध्ययन गरिएको छ ।

## १.६ पूर्व साहित्यको समीक्षा

यस शीर्षकमा केन्द्रित रहेर अध्ययन अनुसन्धानको शिलशिलामा विभिन्न लेखहरू, पुस्तक, पत्रपत्रिका, लेख रचना अध्ययन गरियो । जसमा मूख्य रुपमाः

केशरजंग बराल“पाल्पा, तनहुँ र स्याङ्गजाका मगरहरूको सँस्कृति” नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौं, दोस्रो मुद्रण २०६८:३७) यस पुस्तकमा संक्षिप्त रुपमा मगरहरूको उत्पत्ति, नामाकरण, थर, उपथर, सामाजिक संगठन, संस्कार, लोकनृत्य, चाडपर्व, पुजाआजाहरूलाई समेटेको पाइन्छ । यस पुस्तकमा तीन वटा जिल्लाका मगरहरूको वारेमा अध्ययन गरेको भएकाले सबै पक्ष समेट्न नसकिएको देखिन्छ ।

डोर बहादुर विष्ट, “पिपल्स अफ नेपाल” काठमाण्डौं, रत्न पुस्तक भण्डार, १९८०:१२८) यस पुस्तकमा छोटकरीमा मगर, गुरुङ, व्राम्हण जस्ता जातिको संस्कारका वारेमा संक्षिप्त जानकारी दिने उद्देश्यले तयार पारिएको छ । यसमा मगर, गुरुङ, व्राम्हण तीन वटै जातिको वारेमा चर्चा गरिएकोले कुनै एक जाति विषेशमा विशिष्टीकरण गरिएको छैन ।

मगर जातिको राजनीतिमा सम्वन्धताका सन्दर्भमा एक विद्यावारिधीको अनुसन्धान पनि गरिएको पाइन्छ । उमानाथ बरालद्धारा “ राजनीतिमा मगरःपाल्पा, कास्की र म्याग्दीको अध्ययन” (Myagdi in Politics : A Study of Palpa, Kaski and Myagdi Districts" ) अध्ययन गरिएको छ । यस अध्ययनमा नेपालका मगर जातिलाई उत्तर र दक्षिणवासीका रुपमा खाम भाषी र ढुट भाषीका रुपमा बाँडिएको छ । गण्डकी क्षेत्रका कास्की, स्याङ्गजा, पाल्पा र तनहुँ आदि जिल्लामा ढुट भाषी मगरहरू रहेको देखाइएको छ । यस्ता मगरहरुका मुख्य थर थापा, राना, आले छन् । उत्तरी मगरहरु भन्दा दक्षिणी मगरहरु नेपाल राज्यको शाषनको नजिक रहेका छन् तर समग्र मगर जातिको राज्यका सत्ताहरुमा समानुपातिक प्रतिनिधित्व पाईदैन । यस अध्ययनमा मगरहरुको सामाजिक अवस्था र संस्कृति विशिष्ट प्रकारको रहेको उल्लेख गरिएको छ (बराल, २०१०) ।

माथिका पुस्तकहरू वाहेक स्नातकोत्तर शोध पत्र अन्तर्गत

वस्याल, (२०६८) द्वारा स्याङ्गजा जिल्ला मालुङ्गा गा.वि.स.का मगर जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको अध्ययन शिर्षकमा अनुसन्धान गरेका छन् ।

उनले मालुङ्गा गा.वि.का मगरहरूको सामाजिक, पारिवारिक संचरना, शैक्षिक अवस्था, रहन सहन, भेषभुषा, चाडपर्व, पेशा, व्यवसाय, आर्थिक अवस्थाको वारेमा केन्द्रित रहेर अनुसन्धान गरिएको छ । यस शोधपत्रमा स्याङ्जा जिल्लाका २ नगरपालिका र ६ गा.वि.स. मध्ये मालुङ्गा गा.वि.स.मा रहेका मगर जातिको विषयमा सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको पहिचान गर्ने उद्देश्य राखेर शोधपत्र तयार पारेका छन् ।

मगर जाति नेपालमा वसोवास गर्ने जातिहरू मध्ये तेस्रो स्थानमा रहेको छ भने आदिवासीहरू मध्ये सवैभन्दा बढि जनसंख्या रहेको जाति हो भन्ने कुरा रुद्र सन्देश मगरले आदर्श समाज, असोज १५, २०७६ मा उल्लेख गरेको पाइन्छ ।

## १.७ अध्ययनको महत्व

मगर जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको अध्ययनले यस जातिसँग सम्वन्धित विषयमा अध्ययन, अनुसन्धान गर्न, मगरहरूको वास्तविकता थाहा पाउन, सैद्धान्तिक तथा व्यवहारिक ज्ञानलाई जीवनमा उपयोग गर्न यो अध्ययन महत्वपूर्ण छ ।विभिन्न जातजाति र समूदायहरूको अध्ययनले उनीहरूको अवस्था र उनीहरूका समस्याहरूको वास्तविक तथ्यहरूको जानकारी गराउँदछ । यस खोजबाट पत्ता लागेका तथ्यहरूको आधारबाट विभिन्न नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन गर्न मद्दत पुऱ्याउदछ । प्रस्तुत शोध कार्यका महत्व तथा औचित्यततालाई निम्न वुँदामा प्रस्तुत गर्न सकिन्छ ।

क) तनहुँ जिल्लाको घिरिङ्ग गाउँपालिकाका मगरहरूको वारेमा चासो राख्ने जो कसै व्यक्ति वा संस्थालाई अध्ययनमा सहयोग पुऱ्याउने ।

ख) समाजशास्त्रिय दृष्टिकोणले विभिन्न जनजातीको अध्ययन गर्ने क्रममा मगर जाती पनि एक महङ्खवपूर्ण जातीको रूपमा रहेको छ भन्ने सत्यतालाई वोध गराउने ।

ग) मगर जातीको विविधपक्षको अध्ययन र विश्लेषण गरि तथ्यलाइ राष्ट्रिय स्तरमा पुऱ्याउने ।

घ) पिछडिएको जाती जनजातीको संस्कृतिलाई संरक्षण एवं थप अनुसन्धान गर्न सहयोग पुऱ्याउने ।

ङ) हरेक समुदाय र जाती जनजातीविच सहयोग र सद्भावको विकास गराउन सहयोग गर्ने ।

## १.८ शोध पत्रको रुपरेखा

प्रस्तावित शोध पत्रको रुपरेखा निम्नानुसार रहनेछ ।

अध्याय एक :  शोधको परिचय

अध्याय दुई :  अध्ययन क्षेत्रको सामान्य परिचय

अध्याय तिन :  मगर जातिको सामाजिक अवस्था

अध्याय चार :  मगर जातिको सास्कृतिक अवस्था

अध्याय पाँचः  मगर जातिको आर्थिक अवस्था

अध्याय छ :  सारांश र निष्कर्ष

सन्दर्भ सूची

परिशिष्ट

# अध्याय : दुई

# अध्ययन क्षेत्रको परिचय

## २.१ तनहुँ जिल्लाको सामान्य परिचय

नेपालको राजधानी काठमाण्डौबाट करिव ११० कि.मी. पश्चिम र गण्डकी प्रदेशको सदरमूकाम पोखराबाट करिव १९ कि.मी.पूर्वी सिमानामा रहेको तनहुँ जिल्ला नेपालको मानचित्रमा झण्डै मध्य भागमा रहेको छ । क्षेत्रफलका हिसावले १५४६ वर्ग कि.मी.क्षेत्र ओगटेको तनहुँ जिल्लाले नेपालको कूल क्षेत्रफलको १.०५ प्रतिशत भूभाग ओगटेको छ । यस जिल्लाको जनसंख्या वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार ३,२३,२८८ जना प्रतिशतमा १.२२ रहेको छ । यस जिल्लामा कुल घरपरिवार संख्या७८,३०९ छ भने औषत परिवार संख्या ४.१३ जना रहेको छ। प्रतिवर्ग कि.मी. २०९ जना जनघनत्व रहेको छ। यस जिल्लामा पुरुषको जनसंख्या १,४३,४१० र महिलाको संख्या १,७९,८७८ रहेको छ। धार्मिक दृष्टिकोणले हिन्दु धर्मालम्वी ८६.५ प्रतिशत, बौद्ध धर्मालम्वी ९.४ प्रतिशत, इस्लाम १.३ प्रतिशत, क्रिश्चियन १.७ प्रतिशत, प्रकृतिपुजक ०.२ प्रतिशत, वोन ०.५ प्रतिशत र नखुलेको ०.४ प्रतिशत रहेको छ। यस जिल्लाका सम्पूर्ण भू–भाग पहाडी क्षेत्रमा रहेको छ। तनहुँ जिल्ला भौगोलिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा विविधता युक्त र पर्यटकिय तथा धार्मिक दृष्टिले यस जिल्लाका कैयौ स्थानहरू जस्तैः वन्दिपुर, देवघाट, छाब्दिवराह, ढोडवराह, व्यास गुफा, मानुङ्ग कोट डाँडा, आदिकवि भानुभक्तको जन्मस्थल घाँसी कुवाआदि प्रख्यात छ ।

यो जिल्ला ८३$^{०}$५०' देखि ८४$^{०}$३४' पूर्विय देशान्तर सम्म र ३७$^{०}$४४' देखि २८$^{०}$०८' उत्तरी अक्षाशंसम्म फैलिएको छ । यस जिल्लाको पूर्वमा चितवन र गोर्खा, पश्चिममा स्याङ्गजा, उत्तरमा कास्की र लम्जुङ्ग पर्दछ भने दक्षिणमा पाल्पा, चितवन र नवलपुर जिल्ला पर्दछन् । यो जिल्लाको उचाई समुन्द्र सतहदेखि न्यनतम १९० मि. देखि अधिकतम २३२५ मि. सम्म रहेको छ । यस जिल्लाको औषत लम्वाई ५२.८ कि.मी. र औषत चौडाई ३३ कि.मी. रहेको छ ।

यस जिल्लाको नामाकरण सम्वन्धमा विभिन्न विद्वानहरूले आफ्ना आफ्ना धारणा राखेपनि यस वारे वैज्ञानिक तथ्य फेला परेको छैन । प्राप्त जानकारी अनुसार तनहुँको राजधानी तनहुँसुर वरपर तिनवटा चुचुराहरू रहेको जहाँबाट तनहुँ राज्यको शुरक्षा व्यवस्था हेरिन्थ्यो । सोही तिन चुचुरालाई आधार मानेर “त्रीतुङ्ग” राखिएको र कालान्तरमा यो शव्द अपभ्रंश भई तनहुँ रहनगएको हो भन्ने भनाई रहेको छ । “वासुदेव रसानन्द” सस्कृत ग्रन्थमा तनहुँको तात्पर्यमा “त्रितुङ्ग राजधन्यो” भनेर लेखेको पनि पाइन्छ । यस भेगका प्रमुख स्थानका नामको पछाडी “हुँ”( जस्तैः काहुँ, मान्हुँआदि) भनिने गरेकाले “तनुङ्गमाहुँ थपेर तर्नहुँङ्ग” भन्दै तनहुँ भएको पाइन्छ । त्यसैगरी प्राचिन समयमा तनहुँको दुई स्थानमा तमोर र तामिन भन्ने गाउँ थिए र ति गाउँको नाउँबाट अपभ्रंश भएर तनहुँ हुन गएको भन्ने पनि पाइन्छ । साथै तनहुँको राजधानि रहेको तनहुँ सुरमा र दमौलीमाथिको मानुङ्ग डाडाँमा क्रमशः च्युडो सानो भएका (तनुहनु) र च्युडो ठुलो भएका (महाहनु) ऋषिले तपस्या गरेको हुनाले तनहुँ र मानहुँ भन्ने किंव दन्ति रहेको छ ।

यो तनुहुँ जिल्लामा ४ वटा नगरपालिका र छ वटा गाउँपालिका रहेका छन् । जसमा नगरपालिकाहरूमा भानु नगरपालिका, भिमाद नगरपालिका, व्यास नगरपालिका र शुक्लागण्डकी नगरपालिका रहेका छन् भने गाउँपालिकाहरुमा देवघाट गाउँपालिका, घिरिङ्ग गाउँपालिका, रिसिङ्ग गाउँपालिका, म्याग्दे गाउँपालिका, बन्दीपुर गाउँपालिका र आँबु खैरेनी गाउँपालिका छन् । नगरपालिकाहरू जम्मा ४८ वडा र गाउँपालिकाहरूमा ३७ वटा वडाहरू रहेका छन् ।

यस जिल्लाका प्रमुख धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरूमा छिम्केश्वरी क्षेत्र, ढोरबाराही क्षेत्र, छाव्दीबाराही क्षेत्र, देवघाट क्षेत्र, मानुङ्गकोट, वन्दीपुर, तनहुँसुर, आदिकवि भानुभक्तको जन्मस्थल घाँसी कुवा, व्यास गुफा, सिद्ध गुफा, परासर गुफाआदि छन् । त्यस्तै नदि नालाहरूमा कालिगण्डकी, त्रिशुली, मर्स्याङ्दी, मादी, सेती आदि रहेका छन् । यो जिल्ला पहाडी भागमा अवस्थित भएता पनि यहाँ व्यापारिक बजारहरु पनि रहेका छन् जसमा दमौली बजार, खैरेनीटार, भिमाद, दुलेगौडा, कोत्रे, ढोरफिर्दी, आँवुखैरेनी, विमलनगर, डुम्रे बजार आदि मुख्य बजार रहेका छन् ।यस जिल्लाका अधिकांश गाउँहरू कच्ची तथा पक्की सडकले जोडिएको छ । तनुहुँ जिल्ला सडक तथा यातायातका दृष्टिले सुविधा सम्पन्न जिल्ला हो । यहाँको प्रमुख राजमार्गमा पृथ्वी राजमार्ग हो । यो कोत्रेबाट चितवन मुग्लिङ्ग, डुम्रेबाट लम्जुङ्ग, आँबु खैरेनीबाट गोरखा, डुम्रेबाट बन्दीपुर, खैरेनीटारबाट

भिमाद जाने सडकहरु पक्की सडक हुन् । अन्य शाखा सडकहरूमा पनि कालो पत्रे भएका छन् र सबै गाउँपालिकाहरूमा यातायातको सुविधा पुगेको छ । यस जिल्लामा जिल्ला अस्पताल २, प्राथमिक स्वास्थ्य केन्द्र २ र स्वास्थ्य चौकी ४६ वटा रहेका छन् ।

यस जिल्लाको प्राय मानिसहरूको पेशा कृषि नै हो । तर पनि यसका अलवा अध्ययन अध्यापन, व्यापार व्यवसाय, स्वदेशी तथा वैदेशिक रोजगारीमा समेत यस जिल्लाका मानिसहरू संलग्न रहेका छन् । गुरुङ, मगर समूदायका मानिसहरू सैन्य सेवा, त्यस्तै नेवारहरू व्यापार क्षेत्रमा लागेको भए पनि प्राय सबैले कृषि पेशालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा अंगालेको पाइन्छ । आधुनिक र वैज्ञानिक कृषि र पशु पालनको क्षेत्रमा भर्खर पाइला चाल्न थालिएको पाइन्छ । यस जिल्लामा विभिन्न जनजातिहरू वसोवास गर्ने भए पनि यहाँको मगरहरूको रहन सहन, जीवनशैली, जीविकोपार्जन र आर्थिक अवस्था अन्य जातजातिको भन्दा भिन्न रहेको छ । पारस्परिक सहयोग र सामाजिक सद्भाव रहेको पाइन्छ । यस जिल्लाका अधिकांश गाउँ वस्तीहरूमा घर, आँगन,गोठ र शौचालय छुट्टाछुट्टै रहेको पाइन्छ । यस जिल्लालाइ मिति २०६९ श्रावण ३ गते खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिएको छ । यस जिल्लामा २०६८ को जनगणनाको तथ्याङ्क अनुसार १६ प्रतिशत घरपरिवारमा शौचालय सुविधा नभएको पाइएको छ । यस जिल्लामा खाने पानीको पूर्वाधारहरूको क्रमिक रुपमा विकास भएको देखिन्छ । २०६८ को तथ्याङ्क अनुसार ३७.७६ प्रतिशत जनसंख्यामा खानेपानीको सुविधा पुगेको देखिन्छ ।

## २.२ घिरिङ्ग गाउँपालिका

तनहुँ जिल्लाको मध्य दक्षिण भागमा अवस्थित पहाडी भिरालो धरातलीय स्वरुपले बनेको समुन्द्र सतहबाट ३०० मीटरदेखि १००० मीटरसम्मको उचाईमा घिरिङ्ग गाउँपालिका अवस्थित छ । यस गाउँपालिकाको क्षेत्रफल १२६ वर्ग कि.मी. मा फैलिएको छ । यो गाउँपालिका साविकको गजरकोट गा.वि.स.को ८ वटा वडा, सामुङ्ग भगवतीपुर गा.वि.स.को ८ वटा वडा, घिरिङ्ग सुन्धाराको ९ वटा वडा, राम्झाकोट गा.वि.स.को १ वटा वडा र माझकोट गा.वि.स.को १ वटा वडा मिलेर वनेको छ । यस गाउँपालिकाको पूर्वमा रिसिङ गाउँपालिका, पश्चिममापाल्पा र स्याङ्गजा जिल्ला, उत्तरमा भिमाद नगरपालिका र स्याङ्गजा जिल्ला, दक्षिणमा नवलपुर र पाल्पा जिल्ला पर्दछन् । यसको प्रशासनिक कार्य हालको वडा नं. ३ को सडक विभागले छाडेको पुरानो भवनबाट भई रहेको छ भने उक्त स्थान नजिकै

गाउँपालिको भवन निर्माणाधिन अवस्थामा छ ।

धार्मिक दृष्टिले हेर्दा यस गाउँपालिकामा प्राय हिन्दु धर्मालम्वीहरू रहेका छन् भने केही जनजातिहरू बौद्ध धर्ममा आस्था राख्ने गर्दछन् तर पनि दुवै धर्मका धार्मिक क्रियाकलापलाई समान रुपले ग्रहण गर्दछन् । यस गाउँपालिकामा धार्मिक रुपमा प्राय गाउँहरूमा गणेश, शिव, भगवती, कुल देवता आदिका मन्दिर रहेको छ । जसले गर्दा यस गाउँपालिकाका सम्पूर्ण मानिसहरू धार्मिक आस्थावान रहेको पाइन्छ । यस गाउँपालिकाका प्राय समूदायले कुलपुजा गर्ने गरेको पाइन्छ । त्यस्तै यस गाउँपालिकामा सामूदायिक २६ र सस्थागत २ वटा विद्यालयहरु रहेका छन् ।

कक्षा १ देखि १० सम्मका ५ सामूदायिक माध्यमिक विद्यालय,<br>
कक्षा १ देखि १२ सम्मका २ वटा सामूदायिक माध्यमिक विद्यालय,<br>
कक्षा १ देखि ५ सम्मका सामूदायिक २६ वटा र २ संस्थागत वटा गरि जम्मा २८ वटा विद्यालयहरू रहेका छन् । यस गाउँपालिकाका सबै वडाहरूमा कच्ची सडक पुगेको छ ।

कुनै पनि समाज र सस्कृतिको विकासमा त्यहाँको भौगोलिक अवस्था, उपलव्ध हावापानी, स्रोत साधन आदिले प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । त्यसै गरी यहाँ वसोवास गर्ने विभिन्न जातजाति, सम्प्रदायहरूको आपसी सम्पर्क र एक अर्का विचमा गरिने सामाजिक व्यवहारहरूले समेत त्यस समाजको सांस्कृतिक विकास र सस्कारको परिवर्तनमा प्रभाव पारेको हुन्छ ।

यस गाउँपालिकामा जम्मा ४१३७ घरधुरी रहेकोमा १९३१८ जना जनसंख्या रहेको छ । यस गाउँपालिकाको वडा नं.१ देखि वडा नं. ५ सम्म १९९८ घरमा मगरहरूको वसोवास रहेको छ । जम्मा घरधुरी मध्ये २.५ प्रतिशत हुन आउने ५० (४९.९५) घरलाई नमूनाको रुपमा छनौट गरी अध्ययन गरिएको छ । सामाजिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा शिक्षा, स्वास्थ्य र रोजगारीको अवस्था सामान्य रहेको छ ।

## २.३ जनसंख्या विवरण

यस अध्ययन क्षेत्र घिरिङ्ग गाउँपालिकाको कूल जनसंख्या १९३१८ रहेकोमा पुरुषको जनसंख्या ८२२५ र महिलाको जनसंख्या ११०९३ रहेको छ । वडा अनुसार लिङ्गगत जनसंख्या तालिका निम्नानुसार छ ।

## तालिका २

## वडा अनुसार लिङ्गगत जनसंख्याविवरण

| वडा नं. | घरधुरी संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ९८१ | १८१५ | २३७४ | ४१८९ |
| २ | ७५७ | १५५० | २०६७ | ३६१७ |
| ३ | ७५३ | १४९३ | २०३९ | ३५३२ |
| ४ | ८८९ | १८७५ | २४८१ | ४३५६ |
| ५ | ७३७ | १४९२ | २१३२ | ३६२४ |
| जम्मा | ४१३७ | ८२२५ | ११०९३ | १९३१८ |

केन्द्रियतथ्याङ्कविभाग–२०६८

माथिको तालिका अनुसार यस घिरिङ्ग गाउँपालिकामा ४१३७ घरपरिवारमा १९३१८ जना जनसंख्या रहेको छ। माथिको तथ्याङ्क अनुसार सबैभन्दा बढि वडा नं.४मा र सबैभन्दा कम जनसंख्या वडा नं. ३ मा रहेको छ।

## तालिका ३

## घिरिङ्ग गाउँपालिकाको जातीयता अनुसार जनसंख्या विवरण

| क्र .सं. | जाति | जनसंख्या |
|---|---|---|
| १ | क्षत्री | ६८३ |
| २ | ब्राम्हण | ९५२ |
| ३ | मगर | ९८०३ |
| ४ | नेवार | १५८८ |
| ५ | कामी | १९४२ |
| ६ | कुमाल | १८७८ |
| ७ | सार्की | ९३५ |
| ८ | दमाइ/ढोली | ६७८ |
| ९ | गुरुङ्ग | २६६ |
| १० | दराइ | १६१ |

| | | |
|---|---|---|
| ११ | वादी | १०० |
| १२ | घर्ती/भुजेल | ९२ |
| १३ | सन्यासी/दशनामी | ५७ |
| १४ | ठकुरी | ५७ |
| १५ | यादव | ६२ |
| १६ | थारु | १३ |
| १७ | सुनुवार | १३ |
| १८ | अन्य | ३८ |
| जम्मा | | १९३१८ |

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रमा जम्मा जनसंख्या १९३१८ रहेकोमा मगरको जनसंख्या ९८०३ रहेको पाइयो । यस गाउँपालिकाको जम्मा जनसंख्यामा मगरहरूको जनसंख्या ५०.७४ प्रतिशत रहेको तथ्याङ्क अनुसार देखिन्छ । यो गाउँपालिकामा अन्य जातिको तुलनामा मगर जातिहरूको जनसंख्या अत्याधिक रहेको छ ।

# अध्याय : तिन
# सामाजिक अवस्था

यस घिरिङ्ग गाउँपालिकाका १ देखि ५ सम्मका सबै वडाहरूमा मगरहरूको वसोवास रहेको छ । यी मगर जातिको आफ्नै परम्परा, रीतिरिवाज र सामाजिक संस्कारहरू रहेका छन् । यस क्षेत्रमा आधुनिकताको प्रभाव पछिल्लो समयमा पर्न गएको पाइन्छ । यस अध्यायमा मगरहरूको सामाजिक अवस्थाको वारेमा वर्णन गरिएको छ ।

## ३.१ पारिवारिक अवस्था

सामान्यतया परिवार भन्नाले एकै परिवारमा वसोवास गर्ने लोग्ने स्वास्नी र तिनका छोरा छोरी भएको सामाजिक संस्था हो । व्यक्ति व्यक्ति मिलेर परिवार अनि धेरै परिवार मिलेर समाजको निर्माण भएको हुनाले यहाँ विभिन्न भाषाभाषी, जातजाति, धर्म, वर्गका मानिसहरू रहेका हुन्छन् । यसरी समाजमा वस्ने सम्पूर्ण जातजाती मिलेर एउटा पूर्ण समाजको निर्माण हुन्छ । समाजकालागि परिवार अपरिहार्य संस्थाहो । परिवारको उत्पत्ति निकै प्राचिन समयदेखि नै भएको हो । जुन वेला विवाहबाट समाजमा परिवार र नाता सम्बन्धको विकास भएको थियो त्यति वेलैबाट विकास प्रक्रिया एक पिढिबाट अर्को पिढिमा सामाजिक व्यवहार, संस्कार,प्रचलन, सामाजिक मूल्य, मान्यता हस्तान्तरण गर्ने उद्देश्यले स्थापना भएको अन्तर सम्वन्धित सम्वन्ध हो । जुन परिवारको सामाजिक तथा शैक्षिक स्तर न्यून हुन्छ । त्यस परिवारमा महिलाको सामाजिक अवस्था झनै कमजोर हुने गर्दछ । परिवारमा वच्चाको लालन पालन, पोषण, शिक्षा सबै परिवारबाट हुन्छ । परिवारलाइ एउटा पहिलो पाठशालाको रुपमा लिइन्छ । जसबाट व्यक्ति सामाजिकरण तर्फ उन्मुख हुन्छ । यस घिरिङ्ग गाउँपालिकाको वडा नं.१ देखि ५ सम्म नमूनाको रुपमा छनौट गरिएका ५० घर परिवारको आकारको अवस्था निम्नानुसार रहेको छ ।

**तालिका ४**

**छनौट गरिएका घरधुरीको परिवार संख्याको विवरण**

| क्र.सं. | परिवारको आकार | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५ जना वा सो भन्दा कम | २६ | ५२ |
| २ | ६ देखि १० जनासम्म | १८ | ३६ |
| ३ | १० जना भन्दा माथि | ६ | १२ |
| | जम्मा | ५० | १०० |

## ३.२ परिवारको किसिम अनुसार छनौट गरिएका घरधुरी विवरण

सामान्यतया परिवार दुइ प्रकारका हुन्छन् । आमावुवा र अविवाहित छोराछोरी रहेको परिवारलाई एकात्मक, आमावावु र तिनिहरूको विवाहित छोरा वुहारी, अविवाहित नातिनातिना एउटै परिवारमा रहेको परिवार र तीन पुस्ता भन्दा बढि सदस्य एउटै परिवारमा वसेका छन् भने त्यस्तो परिवार संयुक्त परिवार हो ।

**तालिका ५**

**छनौट गरिएका घरधुरीको परिवार किसिमको विवरण**

| क्र.सं. | परिवारको किसिम | परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक परिवार | ३८ | ७६ |
| २ | संयुक्त परिवार | १२ | २४ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगतअध्ययन २०७८

माथिको तालिका अनुसार मगरहरूको पारिवारिक वनोटलाइ हेर्दा एकात्मक परिवारको संख्या संयुक्त परिवारको भन्दा बढि देखिन्छ । विशेष गरी यहाँका मगरहरूमा कम उमेरमा विवाह गर्ने, यहाँका मगरहरूको परिवारको सबैभन्दा जेठो सदस्यले परिवारको नेतृत्व गर्ने परम्परा र खुल्ला पारिवारिक वातावरणमा वस्न चाहने कारणले गर्दा एकात्मक परिवार तर्फ आकर्षित भएर एकात्मक परिवारको संख्या बढि देखिन्छ ।

## ३.३ लैङ्गिक अवस्था

घिरिङ्ग एउटा तनहुँ जिल्लाको पहाडि भेगमा पर्ने गाउँपालिकाहो । नेपालको संविधानले सबै नागरिकलाई कानुनी दृष्टिले समान हुन् भनी सबैलाई समान अधिकार प्रदान गरेको छ । समान कार्यका लागि महिला पुरुषको विचमा भेदभाव नगरी सामाजिक हिंसा, लैङ्गिक हिंसा तथा विभेदको निषेध गरिएको छ । त्यस्तै हाल महिला सहभागितालाई बढाउन ३३ प्रतिशत महिलाहरूलाई राज्यका सबै अंगहरूमा सहभागिताको अनिवार्यता गरेको छ । २०७२ पछि महिलाहरूलाई बढि भन्दा बढि अधिकार र महिलाको पक्षमा सकारात्मक व्यवस्था गरिएको पाइएको छ । कानुनले महिला आरक्षणको व्यवस्था गरे अनुसार व्यवहारमा पनि महिलाहरू राज्यका उच्च स्थानहरूमा पुग्न सफल भएका छन् । जुनसुकै क्षेत्रमा पनि महिला पछाडि परेको अवस्थामा अहिले विभिन्न जातजाति समुदायका

महिलाहरू विभिन्न संघ संस्थाहरूमा महिलाहरूको सहभागिता र प्रमुखको भूमिकामा रहेको देखिन्छ ।

मगर समुदायमा पनि अरु समुदायका महिलाहरूले गर्नुपर्ने कार्यमा समेत छुट रहेको पाइन्छ । जस्तैः यस समुदायका मान्य सदस्यहरू सासु ससुरा, जेठाजुहरूको अगाडि शिर निहुराउनु नपर्ने, साडी तथा पछ्यौरीले टाउको छोप्नु नपर्ने, जेष्ठ सदस्यहरूलाई खानाखान कुरी राख्नु नपर्ने जस्ता व्यवहारहरू मगर समुदायमा पाइन्छ । यस समुदायमा छोरी प्रतिको दृष्टिकोण कस्तो छ भनि सोधिएको प्रश्नमा छोरी प्रति सकारात्मक भावना रहेको पाइयो । छोरीहरूको इच्छा अनुसार कानुन र समाजलाई पाच्य हुने जुनसुकै कार्य गर्न छुट रहेको जवाफ पाइयो । छोरीलाई अंश दिने सम्बन्धमा प्रश्न गर्दा छोरीलाई अंश होइन उचित वानी व्यवहार, राम्रो संस्कार, शिक्षादिक्षा र समान अवसर प्रदान गर्नुपर्ने उत्तर पाइयो । विवाहित छोरीलाई अंशको सम्बन्धमा प्रश्न गर्दा अंश नदिएको राम्रो हुने अंश दिंदा दाजु भाईसँग शत्रुता वढ्ने र माइती प्रति सम्वन्ध बिग्रने छ भन्ने मान्यता पाइयो ।

मगर समुदायमा अन्य जातिका महिलाहरूको तुलनामा बढि स्वतन्त्रता रहेको पाइयो । कुनै कार्य गर्दा सरसल्लाह गर्ने र रायलिने गरेको भेटियो । वढि जसो महिलाहरूले घरभित्रको काम गर्ने पुरुषहरू देश विदेश जाने, ज्याला मजदुरी गर्ने हुँदा घरको सम्पूर्ण कार्य लगायत सार्वजनिक कार्यमा समेत महिलाहरू वढि सक्रिय सहभागी भएको पाइएको छ । पुरुष घरमा नभएका महिलाहरूले आफैले विभिन्न निर्णयहरू गरेको पाइन्छ भने सँगै भएका श्रीमान् श्रीमती छन् भने आर्थिक तथा सामाजिक कार्यमा संयुक्त रुपमा मिलेर निर्णयहरू गरेको पाइन्छ ।

महिला तथा बालबालिकाका हक अधिकार एवमं समानता जस्ता विषयमा अहिलेको समाजमा चेतनाको अभिवृद्धिले गर्दा भेदभाव र पक्षपात पूर्ण व्यवहार क्रमशः सुधार अर्थात हट्दै गएको पाइन्छ । तैपनि यस जातिमा छोरीलाई भन्दा छोरालाई वढि महत्वदिने गरेको पाइन्छ । छोरी अर्काको घरमा जाने भएकोले उसलाई अर्काको नासोको रुपमा लिने चलन पनि रहेको पाइयो भने पैतृक सम्पत्ति हस्तान्तरण, धार्मिक तथा अन्य संस्कारमा छोराको अनिवार्यता छोरा नभए स्वर्गको ढोका नखुल्ने भन्ने रूढिवादी परम्परा तथा काजक्रिया जस्ता संस्कारमा छोराको आवश्यकताले गर्दा छोरालाई वढि महत्व दिएको पाइन्छ भने लवाई खवाई, शिक्षा दिक्षा लगायतका सवालमा भने विभेदको व्यवहारमा हाल सुधार हुँदै गएको पाइन्छ ।

## ३.४ शैक्षिक अवस्था

राष्ट्रको विकासको मूलआधार नै शिक्षाहो । जबसम्म मानिसहरू शिक्षित हुदैनन् तबसम्म त्यहाँको बिकासको कल्पना गर्न पनि सकिदैन । शिक्षाले सक्षम विवेकशील दक्ष जनशक्ति तयार गर्दछ । शिक्षानै समाज परिवर्तनको मूख्य कडि हो ।

यस अध्ययन क्षेत्र घिरिङ्ग गाउँपालिकाका मगरहरूको शैक्षिक स्थितिलाई हेर्दा कमजोर देखिन्छ । गरीवि दैनिक जीवन निर्वाह गर्नुपर्ने, कम उमेरमा विवाह गर्ने परम्पराले गर्दा शिक्षा आर्जन गर्ने तर्फ कर्म ध्यान दिएको पाइन्छ । यस गाउँका मगरहरू गाउँमा खेतीपाती गर्ने, गोठालो जाने, पशुपालन गर्ने जस्ता केही सामान्य रुपमा नेपाली तथा विदेशी भूमिमा शुरक्षा निकायमा कार्य गरे पनि बढि दैनिक ज्याला मजदुरीमा नै व्यस्त देखिन्छन् । यस गाउँपालिकाका मगर जातिका युवाहरू ९/१० वा एस.इ.इ. दिएपछि भर्तिका लागि दौडधुप गरेको र कतिपय युवा मगरहरू खाडी मूलुकतिर लागेको पाइयो । त्यसैले सामान्य साक्षर भए पनि उच्च शिक्षा तर्फ त्यति ध्यान नदिएको पाइन्छ । स्वदेशी तथा विदेशी आम्दानीवाला लाहुरेहरू तनहुँ तथा पोखराका शहरहरूमा झरी महंगा बोर्डिङ स्कुलहरूमा छोराछोरी पढाउने गर्दछन् भने सामान्य परिवारका मानिसहरूले स्थानीय विद्यालयहरूमा पढाउने गर्दछन् ।

हाल शैक्षिक क्षैत्रमा यस जातिका बालबालिकाहरूको उच्च शिक्षामा सहभागिताको वृद्धि हुँदै गएको पाइन्छ । यस घिरिङ्गमा पनि १०+२ दुई वटा विद्यालय संचालनमा छन् यहाँ सबै जातजातिका केटाकेटी भर्ना भई पढ्ने गरेको देखिन्छ । जसबाट शिक्षाको आवश्यकता तथा महत्वको वोध भएको छ । यस गाउँपालिकाका शैक्षिक संस्थाहरूमा पनि मगर जातिको संलग्नता रहेको देखिन्छ । विद्यालय व्यवस्थापन समितिमा समेत यहाँका मगर जातिको संलग्नता, शिक्षण पेशा, सरकारी जागिर र राजनैतिक पद तथा ओहदामा समेत रहेको पाइयो । यस जाति गाउँपालिकाको सबैभन्दा वढि जनसंख्या रहेको जाति भएता पनि शिक्षाको क्षेत्रमा १०+२ सम्मको अध्ययन गरेर भर्ती र विदेशको आकर्षणले पढाइलाई विचैमा छाड्ने गरेको पाइयो ।

## ३.५ स्वास्थ्य उपचार

नेपालका सबै क्षेत्रमा स्वास्थ्य सुविधा पर्याप्त मात्रामा पुगेको पाइदैन । अधिकांश स्वास्थ्य सेवा शहरी क्षेत्रमा केन्द्रित छन् । गाउँहरूमा प्राय सफा, स्वच्छ पिउने पानीको अभाव, शारीरिक सरसफाइको कमी, घरवरिपरीको वातावरण प्रदुषण, खाद्यान्न अभाव, जाँड रक्सि, चुरोट सुर्ती आदिको सेवन जस्ता कारणले गर्दा गाउँलेहरूको स्वास्थ्यमा प्रतिकुल असर परेको छ । यी समस्याहरूबाट मगर समुदाय पनि उम्कन सकेका छैनन् । यहाँका

मगर समुदायका व्यक्तिहरु अस्पताल, अन्य स्वास्थ्य संस्था तथा धामी भ्हाकी दुवै माध्यमबाट उपचार गर्ने गरेको पाइन्छ । यसमापनि पुराना पुस्ताहरु बढि धामी भ्हाकीसँग र नयाँ पुस्ताहरू अस्पतालमा उपचार गर्ने गरको पाइन्छ । केही साक्षर व्यक्तिहरू सफा उमालेर, फिल्टर गरेर पानी पिउने गरेको पाइन्छ र सरसफाइमा विशेष ध्यान दिएको पाइन्छ । उपचारका क्रममा नयाँ युवा पिढिले बढि स्वास्थ्य संस्थाबाट सेवा लिने गरे पनि विरामी पर्दा शुरुमा भ्हारफुक गरि धामी भ्हाकीलाई नै प्राथमिकता दिएको पाइन्छ । त्यस्तै विरामी पर्दा हेराउने चराउने, देवी देवताको भाकल गरी पुजा गर्ने र अन्तिममा अस्पताल लैजाने गर्दछन् । मगर परिवारमा अपनाउने उपचार विधिलाई तलका तालिकामा देखाइएको छ ।

**तालिका ६**

**मगर परिवारको उपचार गर्ने विधिको विवरण**

| क्र.सं. | सेवालिने निकाय | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अस्पताल/स्वास्थ्य संस्था | ८ | १६ |
| २ | धामी/भ्हाकी | ७ | १४ |
| ३ | दुवै | ३५ | ७० |
| | जम्मा | ५० | १०० |

स्थलगतअध्ययन २०७८

माथिको तालिकामा हेर्दा अस्पताल जाने ८ घरपरिवार १६ प्रतिशत धामी/भ्हाकीमा विश्वास गर्ने ७ घरपरिवार अर्थात १४ प्रतिशत दुवैबाट सेवालिने परिवार ३५ अर्थात ७० प्रतिशत रहेका छन् । उत्तर दिने क्रममा अस्पताल भन्ने धेरै परिवार भएपनि घरमा धामी वसाल्ने गर्नुहुन्छ भन्ने प्रश्नमा सहमति जनाएको पाइन्छ ।

## ३.६ परिवार नियोजन

जनसंख्या वृद्धि नेपालको ज्वलन्त समस्या हो । यो वृद्धिलाई रोक्ने विधि परिवार नियोजन र जनचेतना हो । जनसंख्या वृद्धिलाई नियन्त्रण गर्नुपर्ने प्रमुख चुनौती रहेको छ । सिमित स्रोत र साधन, बढ्दो आवश्यकता परिपुर्ति गर्नुपर्ने अवस्थाले जनसंख्या नियन्त्रण गर्नुपर्ने छ तर यो निकै समस्या मूलक छ ।

जनसंख्या वृद्धिलाई नियन्त्रण गर्न नेपाल सरकार तथा गैह्रसरकारी संस्थाहरूले कार्यक्रम संचालन गर्ने गरेका छन् त्यसैले यस्ता कार्यक्रमहरूले यहाँका मगरहरूलाई प्रभाव पारेको छ । परिवार नियोजनका साधनहरूमा महिला तथा पुरुषले गर्ने वन्ध्याकरण तथा अस्थायी साधनमा पिल्स, डिप्रोभेरा, नरप्लान्ट, संगिनि सुई, कण्डम इत्यादि रहेका छन् ।

यस्ता साधानहरूको जानकारीका स्रोतमा रुपमा रेडियो, टिभी, पत्रपत्रिका, स्वयंसेविका, जनचेतना मूलक नाटक आदि रहेका छन् । तर यी साधन र सेवाहरू कसरी प्रयोग गर्ने वारे शिक्षित तथा नयाँ पुस्ता वाहेक अरुलाई जानकारी नभएको वताएभने कतिपयले जानकारी भए पनि लाज र झन्झटले गर्दा प्रयोग नगरेको पाइयो । स्थानिय स्वास्थ्य संस्थामा सोध्दा महिलाहरूले पुरुषको तुलनामा वढि परिवार नियोजनका साधन प्रयोग गरेको तर लुकेर प्रयोग गर्ने गरेको बुझियो ।

**तालिका ७**

**परिवार नियोजन वारे जानकारीको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | उत्तरदाता | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जानकारी भएको | ३७ | ७४ |
| २ | जानकारी नभएको | १३ | २६ |
| | जम्मा | ५० | १०० |

स्थलगतअध्ययन २०७८

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका ५० घरपरिवारमा ३७ जना अर्थात ७४ प्रतिशतले परिवार नियोजनको वारे जानकारी पाएको पाइयो भने नमूनाका रुपमा छनौट गरिएका १३ जना अर्थात २६ परिवार नियोजनका बारेमा जानकारी नभएको वताए ।

**तालिका ८**

**परिवार नियोजनको साधन प्रयोग गर्ने घरधुरीको विवरण**

| क्र.सं. | प्रयोग गरिएको परिवार नियोजनको साधन | साधनप्रयोग गर्ने संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अस्थायी | २६ | ५२ |
| २ | स्थायी | ११ | २२ |
| ३ | प्रयोग नगरेका | १३ | २६ |
| | जम्मा | ५० | १०० |

स्थलगतअध्ययन २०७८

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका ५० घरपरिवारमा २६ जना अर्थात ५२ प्रतिशतले अस्थायी परिवार नियोजनका साधन प्रयोग गरेका छन् भने नमूनाका रुपमा छनौट गरिएका ११ जना अर्थात २२ प्रतिशतले स्थायी सेवा लिएका छन् भने १३ घर परिवार अर्थात २६ प्रतिशतले परिवार नियोजनको साधनको प्रयोग नगरेको पाइयो । परिवार नियोजनको वारेमा ज्ञानको कमिले गर्दा जनसंख्या वृद्दिमा प्रत्यक्षप्रभावपारेको पाइन्छ ।

# अध्याय : चार

# सांस्कृतिक अवस्था

यस अध्यायमा घिरिङ्ग गाउँपालिका अर्थात अध्ययन क्षेत्रका मगरहरूको सांस्कृतिक अवस्था अन्तर्गत भेषभुषा, खानपान, भाषा, चाडपर्व, धर्म, पुजाआजा, जन्म संस्कार, अन्न प्राशन (छेवर), विवाह, मृत्यू संस्कार, आदि जस्ता जीवन प्रक्रियाका संस्कारका वारेमा वर्णन गरिएको छ ।

## ४.१ भेषभुषा र खानपान

नेपाल भौगोलिक विविधता तथा वहुजातीय मुलुकहो । भौगोलिक दृष्टिले सानो भएता पनि हिमाल, पहाड र तराई क्षेत्रमा रहने तथा प्रत्येक जातिको भेषभुषा र खानपानको आफ्नै परम्परा रहेको छ । यस अध्ययन क्षेत्रका मगरहरूको भेषभुषालाई हेर्दा वुढापाका वा पुराना पुस्ता र नयाँ पुस्ताहरूमा फरक फरक पाइन्छ । वुढापाकाहरूले कछाड, गादा, घलेक, चोलो, छिटका, लुङ्गी, पटुका, टिकिसा लगाउँछन् भने गरगहनामा वुलाकी, ढुङ्ग्री, तिलहरी, जन्तर, सोली, नौगेडी, सिरफुल, स्रिवन्दीआदि लगाउँछन् । युवापुस्ताहरूले आफ्नो मौलिक भेषभुषालाई छोडी पुरुषहरू कमेज, पाइन्ट, कोट, टिसर्ट आदि लगाउँछन् भने महिलाहरू व्लाउज, साडी, टिसर्ट, पाइन्ट, लुङ्गी, कुर्था, सुरवाल, लेहेङ्गा, स्कट, सर्ट आदि लगाउँछन् । गरगहनामा सिकी, मंगलसुत्र, फुली, व्रासलेट, औठी, हार जस्ता आधुनिक गरगहना लगाउने गर्दछन् ।

यसैगरी खानपानको स्थितिलाई हेर्दा मगरहरूको स्वादिष्ट खानामा ढिंडो, आटो, सिन्की, दाल, भात, तरकारी, दुध, मही, रोटी, माछा, कुखुरा, खसी, राँगा, सुँगुर आदिको मासु खाने गर्दछन् । खाजाको रुपमा मकै, रोटी, भट्टमास, चिउरा, आलु, तरकारी प्रयोग गर्दछन् । बढि जाँड रक्सी, माछा मासु जस्ता खानेकुराहरू विशेष चाडपर्व र उत्सवहरूमा खाने गर्दछन् । यहाँका मानिसहरू खाना पकाउनको लागि बढि दाउरा, केही मात्रामा ग्याँस र विद्युतको प्रयोग गरेको पाइन्छ । यहाँ आर्थिक स्थिति कमजोर हुनेहरूले खाना वनाउनको लागि दाउराको धेरै प्रयोग गर्दछन् । नमूनाको रुपमा छनौट गरिएका घरहरूमा २० प्रतिशतले मात्र ग्याँसको प्रयोग गरिएको पाइयो भने उनीहरूले छिटो छरितो र वालवालिकाहरूले खाना वनाउदा ग्याँसको प्रयोग गरेको पाइन्छ । त्यसैले धेरै जसोले खाना बनाउन दाउराको प्रयोग गरेको पाइन्छ ।

## ४.२ भाषा

पृथ्वीको सर्वश्रेष्ठ प्राणी मानिस हो । मानिसले आफ्ना अनुभूति, धारणा, विचार, भावना, विनिमय गर्न प्रयोग गर्ने सामाजिक व्यवहारको रुप नै भाषा हो । भाषा मानिसहरूको सर्वोपरी उपलव्धी हो । भाषाबाट सांस्कृतिक सञ्चरण हुन्छ । मगरहरूको आफ्नै भाषा छ । जसलाई मगर भाषा भनिन्छ । नेपालमा वोलिने सबै भाषालाई २०७२ को संविधानले राष्ट्र भाषाको रुपमा मान्यता दिएको छ । मगर भाषा पनि नेपालको राष्ट्र भाषा हो । यस अध्ययन क्षेत्रमा वसोवास गर्ने वुढापाका मगरहरूले मगर भाषा वोल्ने गर्दछन् । यस मगर भाषामा पनि लाङ्घाली, लाखाली, काइकेली भाषाका नामले पुकारेको पाइन्छ । ( भाषा विज्ञान र नेपाली भाषा प्रा.शान्तिप्रसाद ढकाल, पिनाकल पव्लिकेशन प्रा.लि. २०७३) यस क्षेत्रका युवा पुस्ताहरूले ३० प्रतिशत वोल्ने, ६० प्रतिशत वुझ्ने र १० प्रतिशतले वोल्ने र बुझ्न नसक्ने पाइयो । विद्यालयको पठनपाठनमा नेपाली र अंग्रेजी भाषाको प्रयोग गर्ने कारणले गर्दा यहाँका युवा, वालवालिकाहरूले मगर भाषा नजानेको वताउँछन् । यस अध्ययन क्षेत्रमा नमूनाको रुपमा छनौट गरेका सबै घरपरिवारका उत्तरदाताहरूले आफ्नो मातृभाषा मगर र सरकारी कामकाजको भाषा नेपाली रहेको वताए ।

## ४.३ चाडपर्व

विश्वका हरेक ठाउँमा वसोवास गर्ने मानव समुदायहरूले आ–आफ्ना धर्म संस्कार अनुसार चाडपर्व मनाउने गर्दछन् । नेपालमा वसोवास गर्ने विभिन्न जाति समुदायहरूका आ–आफ्नै परम्परा अनुसार चाडपर्व मनाउने गर्दछन् । धेरै जसो मगर जातिले हिन्दु धर्म मान्ने भएकाले हिन्दुसँग सम्वन्धित सवै चाडपर्व मनाउँछन् । मगरहरूले वाह्रै महिना चाडपर्व मनाउने गर्दछन् । मगर जातिको चाडपर्व साउने सक्रान्तिमा शुरु भई दशहरामा सकिन्छ । यिनिहरु चाडपर्व मनाउदा घाँटी हेरि हाड निल्ने भनेझै आफ्नो हैसियत र औकात अनुसार आफ्ना इष्टमित्र नातेदार तथा आफन्तहरूलाई डाकेर भेटघाट, खानपान, सुखदुःख साटासाट गरि मनोरञ्जनपुर्ण तरिकाले चाडपर्व मनाउँछन् । यस अध्ययन क्षेत्रमा मनाइने धेरै जसो चाडपर्वमा खानपानमा जाँड, रक्सी, माछा, मासुलाई बढि महत्व दिएको पाइन्छ । चाडपर्व मनाउदा लाग्ने खर्च घरमा नभए साथीभाई, छरछिमेकीहरूसँग सरसापट गरी मनाउने गर्दछन ।

### ४.३.१ साउने सक्रान्ती

यो पर्व श्रावण १ गते मनाइन्छ । साउने सक्रान्तीको विहान भलायोको पात, कुश, सिंउडी, कुरिलो आदि छाना र ढोकामा सिउरिने गर्दछन् । यसो गरेमा घरको रक्षा हुने विश्वास रहेको छ । यो पर्व कृषकले धान रोपाइ गरि सकेर हिलोबाट उम्केपछि अर्थात वाली लगाएको उपलक्ष्यमा खुशियालीका साथ खेताला वाउसे, इष्टमित्र, आफन्तजन डाकेर मिठो परिकारहरू वनाएर ख्वाउने चलन रहेको छ । सुँगुर, राँगा, कुखुरा, खसी आदि काटि छोरी चेलीलाई वोलाएर ख्वाइन्छ । छोरी चेलीहरूले रक्सी, सेलरोटी कोसेली लिएर आउछन् । साँझ पख लुतो फ्याक्ने चलन छ । यसमा विभिन्न वनस्पतिहरू वटुली अगुल्टाहरू वनाइ लुतो पुतो लैजा लैजा भन्दै अगुल्टो राँका फाल्ने हुँदा यसलाई राँके सक्रान्ती पनि भनेको पाइन्छ । आफ्नो गाउँको तल्लो गाउँको नाउँभन्दै कराउने, नाङ्लो, थाल ठोक्ने गर्दछन् । जसबाट गाउँलेहरूलाई घाउ खटिरा नआउने र आएमा पनि छिटो निको हुने विश्वास गरेको पाइन्छ । यस सक्रान्तीमा युवायुवतीहरू तिउरी लगाउने गर्दछन् ।

### ४.३.२ जनै पूर्णिमा

यो पर्व मगर जातिले खासै धुमधामका साथ मनाउने गर्दैनन । जनै पूर्णिमाको दिन आफ्नो पुरोहित आएर मन्तरेको धागोको रक्षा वन्धन लगाईदिने र पुरोहितलाई आफ्नो गक्ष अनुसारको दक्षिणा दिने चलन रहेको छ । तर आज भोली भारतिय प्रभावले गर्दा दिदीभाई, दाजु वहिनीविच रक्षा वन्धन लगाउने प्रचलनको शुरुवात भएको देखिन्छ ।

### ४.३.३ तिज

यो पर्व मगरका महिलाहरूले रमाइलो गरी मनाउँदछन् । तिजको दिनमा माइतीले आफ्ना विवाहित चेलीवेटीको घरमा लिन गई माइत ल्याउने र माछा, मासु, सेलरोटी, दर, अन्य मिठा परिकार वनाइ खुवाउने चलन रहेको छ । मगर समुदायका महिलाहरूले व्रत वस्ने गरेको पनि पाइन्छ । तिजको दिन व्राम्हण, क्षत्री जस्ता अन्य जातिको प्रभाव वढि भएको ठाउँमा मगरजातिका महिलाहरू पनि तीजको नाचगान गर्ने गरेको पाइन्छ ।

### ४.३.४ दशैं

हिन्दु धर्मालम्वीहरूले मनाउने महान चाड दशैं हो । नेपाल अधिराज्य भरका हिन्दु धर्मालम्वीहरूले धुमधामको साथ मनाउने गर्दछन् । यस क्षेत्रमा वसोवास गर्ने मगरहरूले

हिन्दु संस्कार अनुसार घटस्थापना देखि पूर्णिमासम्म दशैं पर्व मनाउछन् । घटस्थापना देखि नवमीसम्म कोटमा गइ दुर्गा भवानीको पुजा गर्ने, घटस्थापनाको दिनमा मगरहरू घर लिपपोत गरी त्यहाँ अपवित्र चिजहरू हटाइ सफा गरी मकै, गहुँ, जौ मिसाएर रातो माटो र वालुवामा जमरा राख्ने गर्दछन् । प्रत्येक दिन कोटमा जमरामा जल चढाउने वेला दमैले वाजा वजाउँछ त्यो सुनेर सबैले आफ्नो घरको जमरामा जल चढाउने र पुजापाठ गर्ने गर्दछन् । सप्तमीको दिन जमरा राखेको ठाउँमा फुल, केराको पात, धानको सरो, अदुवाको वोट, उखु, दुवो जम्मा गरी पुजा गर्ने, अष्टमीमा वलीको रुपमा सुंगुर, हाँस, कुखुरा, बोका काटि वली चढाउने र कालरात्री जगाउने गर्दछन् । दशमीको दिनदेखि कोजाग्रत पूर्णिमाको दिनसम्म आफन्तहरूसँग टिका जमरा लगाइ दशैं मनाउने गर्दछन् । दशैंको वेलामा हाँस, कुखुरा, खसी, बोका, पाडा, राँगा, सुँगुर आदि काटी इष्ट मित्रहरूलाई मासु र रक्सीले स्वागत गरिन्छ । नजिकका नातेदारकोमा जाँदा रक्सी, सेलरोटी, फलफुल कोसेली लगेको पाइन्छ । दशैंमा टिका थाप्नजाँदा/आउँदा नव विवाहित छोरी ज्वाई ससुराली आउँदा दहि केरा ल्याउने र नवविवाहित छोरा वुहारीले ससुराली जाँदा दहि केरा लैजाने प्रचलन रहेको छ । कोजाग्रत पूर्णिमाको दिन जमरा सेलाउने गरिन्छ । यहाँका मगर समुदायहरूले हिन्दु संस्कार अनुसार घटस्थापनादेखि पूर्णिमासम्म दशैं मनाउने गर्दछन् ।

### ४.३.५ तिहार

तिहार हिन्दु धर्मालम्वीहरूले मनाउने दोस्रो ठुलो चाड हो । यो चाड मगर जातिहरूले पनि धुमधाम साथ मनाउने गर्दछन् । जनश्रुति अनुसार प्राचिन कालमा मगर राजा बलिहाङ्ले तिहारको प्रचलन मगर जातिमा चलाएका थिए भन्ने किंवदन्ती रहेको छ । मगरहरूले तिहारलाई औंसीको नामबाट चिन्ने गर्दछन् । कार्तिक त्रयोदशीदेखि द्धितियासम्म पाँच दिन मनाउने गर्दछन् । यस पर्वमा काग, कुकुर, गाई, गोरु पुजा गरी अन्तिम दिन भाइटिका मनाउने गरिन्छ । चर्तुदशीको दिन गाई गोरुलाई नुन, सातु खुवाउने तोरन पुजा गरी तोरन टाग्ने गर्दछन् । चर्तदशीको दिन माइतीले चेलीवेटीलाई खाना खान वोलाउँदछन् र चेलीवेटीले खाना खाएर फर्कने वेला द्धितिया (भाइ टिका) को लागि माइतीलाई टिका लगाउन र खाना खानको लागि निम्तो दिने चलन छ । जसलाई मगरहरूको प्रचलनमा द्धितिया खानजाने/वोलाउने भनिन्छ । भाइ टिकाको दिन दाजुभाइ दिदीवहिनीकोमा गइ सप्तरंगी टिका लगाइ दिइ, वस्त्र, फलफुल, मसला मिठाइ, रक्सी, सेलरोटी, वारा, मासु दिने गर्दछन् । साथै वुवाआमा, भाउजु वुहारीलाई पनि वोलाउने गरिन्छ । दाजु भाइहरूले आफ्नो

क्षमता अनुसार दक्षिणा दिने चलन छ । तिहारमा देउँसी भैलो खेल्ने, वुढापाकाहरूले सोरठी नाच नाच्ने गर्दछन् ।

### ४.३.६ पन्ध्र पुष

यस अध्ययन क्षेत्रका मगर जातिले पुष पन्ध्रलाई चाडको रुपमा मनाउँदछन् । यस चाडमा युवतीहरूले वारा, मासु, जाँड रक्सी आफन्त छिमेकी गाउँका प्रतिष्ठित युवाहरूलाई आमन्त्रित गरेर मनाउने गर्दछन् । निम्त्याइएका व्यक्तिहरूले युवतीहरूलाई पैसा दिने गरेको चलन पनि रहेको पाइन्छ । त्यस्तै पुष पन्ध्रको दिनमा वनभोज गइ नाचगान, मनोरञ्जन साटासाट गर्ने गरेको पाइन्छ ।

### ४.३.७ माघे सक्रान्ती

माघे सक्रान्ती पनि यस क्षेत्रका मगर जातिले धुमधामका साथ मनाउने गर्दछन् । माघे सक्रान्तीलाई पितृ चाडको रुपमा मनाउने पनि गरिन्छ । (पाल्पातनहुँ र स्याङ्गजाका मगरहरूको संस्कृति, केशरजङ्ग बराल मगर) वावाआमा मरिसकेका मगरहरूले त्यो दिन आमा वुवालाई पिण्ड चढाउने गर्दछन् । पिण्ड दिनेहरू मसान्तीको दिन उपवास वस्ने गर्दछन् । सक्रान्तीको दिन नदि घाट वा पँधेरामा गइ चामल, मासको दाल, अदुवा चढाउने गर्दछन् । अन्यले यो दिन चेलीवेटी वोलाइ माछा मासु, तरुल, खिचडी, मासको वारा, सेलरोटी खाने र खुवाउने गर्दछन् । छोरी चेलीले कोसेली लिएर आउने गर्दछन् । तिनिहरूलाई कोसेली सहित दक्षिणा दिएर फिर्ता गरिन्छ ।

### ४.३.८ फाल्गुण पन्ध्र

फाल्गुण पन्ध्र मगरहरूको राष्ट्रिय दिवस हो । यस दिनमा मगरहरूले आफ्नो भेषभुषा सहित आ–आफ्नो ठाउँमा नाचगान गर्दै झाँकी प्रदर्शन गर्दछन् । यस दिन विभिन्न मगर समुदायविच झाँकी र कौडा नाचको प्रतियोगिता पनि भएको पाइन्छ । मगरहरूले फागु पूर्णिमाको दिन विभिन्न रंगहरू लगाई अन्य गाँउमा समेत गई फाँगु खेली पैसा, चामल संकलन गर्ने चलन रहेको छ । संकलित अन्न, पैसा फागु पूर्णिमाको भोलीपल्ट खर्च गर्ने गर्दछन् । फागु पूर्णिमाको भोलीपल्ट चीर पोलेपछि फागु खेल्ने जति जम्मा भएर सुंगर, खसी, बोका काटेर संकलित रकम र अन्नखर्च गर्ने गर्दछन् ।

### ४.३.९ बैशाख पूर्णिमा (चण्डी पूर्णिमा)

मगर जातिको बैशाख पूर्णिमा एउटा महत्वपुर्ण चाड हो । यो बैशाख पूर्णिमालाई चण्डी पूर्णिमा पनि भन्ने चलन रहेको छ । यो पूर्णिमामा प्राय मगरहरूले आफ्नो कुलपुजा गर्ने गर्दछन् । कुलपुजा गर्दा सुंगुर, कुखुरा काटेर जाँड, रक्सि सहित नैवेद्यको रुपमा खाने खुवाउने गर्दछन् । नयाँ घर वनाउँदा, छोराको विवाह गर्दा, घरमा पहिलो सन्तान जन्मिदा कुलदेवतालाई भाग वलिदिने गरिन्छ । कुलपुजा गर्दा आफ्नो कुटुम्व, भाइखलक र अन्य आफन्तहरू वोलाएर खानपान गराउने प्रचलन रहेको छ । त्यस दिन पुजा गरेको मासु घर वाहिर वसेर खाने चलन छ र वाँकी रहेमा मासुलाई घरको वाहिर झुण्डाएर राख्ने गरिन्छ । अन्यन्त्र लान नहुने भन्ने भनाइ पनि रहेको छ । आजभोली वौद्ध धर्म मान्ने मगरहरूले भने काटमार गरेको पाइदैन ।

### ४.३.१० कूलपुजा

यस अध्ययन क्षेत्रका मगरहरूले हरेक वर्षमा कूलपुजा गर्दछन् । यस जातिले पनि आफ्ना कूलदेवतालाई खुशीपार्न यो पुजा गरेको पाइयो । घिरिङ्गका पुलामी मगरहरूले “बराहा” लाई तथा केही राना र थापा खलकले “निरञ्जन” लाई आफ्नो कूलदेवता मानीपुजा गर्दछन् । बराहालाई कुलदेवताका रुपमा पुजा गर्ने मगरहरूले तिन तिन वर्षमा बैशाख अथवा मंसिर महिनाको पूर्णिमामा कूलपुजा गर्ने गर्दछन् । राना, रोकाहा, बराल, गाहा आदि खलकहरूले श्रीपञ्चमीको दिन बराहा कूल पुज्ने गर्दछन् । यस पुजामा पुजा अवधिभर घरमुलीले जाँड, रक्सि पिउन नहुने कूल भित्रका मानिसहरूलाई मात्र प्रसाद दिने गर्दछन् भने अरु जातका मानिसहरूलाई प्राय कूलपुजाको प्रसाद दिने गर्दैनन् । कूलदेवताको मन्दिरमा गई बोकाको वली चढाएर कूलदेवताको पुजा गर्ने गर्दछन् ।

### ४.३.११ अन्य पुजाआजाहरू

यस क्षेत्रका मगर समूदायहरूले जनै पूर्णिमा, कृष्णाष्टमी, नागे पञ्चमी, पितृऔंसी, चैते दशैं, वसन्तपञ्चमी, चण्डी पूर्णिमा, मण्डली पुजाआदि जस्ता आफ्ना परम्परागत संस्कृतिमा आधारित जातीय विभिन्न देवी देवताहरूलाई पुजाआजा गर्दछन् । हिन्दु धर्ममा आधारित गणेश पुजा, सत्यनारायण पुजा, ग्रहपुजा, एकादशीव्रत, धामीझाकी वोलाएर दुसाद पन्छाउने, वोक्सी, भुत, प्रेतलाई रातमा दोवाटोमा गएर कुखुराको भाले दिने जस्ता परम्पराका साथै देवी देवतालाई भाकल गर्ने र भाकलपुजा गर्ने परम्परा मान्ने गरेको पाइन्छ ।

## ४.४ प्रमुख संस्कारहरू

नेपालका विभिन्न जातजातिका आ–आफ्नै रितिरिवाज धर्म संस्कार रहन सहन परम्परा रहेका छन् । मानव जातिले गर्ने सम्पूर्ण कर्म जुन समाजमा सजिलैसँग स्वीकारिन्छ त्यो नै संस्कार हो । जसले मानिसका जिवन, व्यवहार, दिन चर्यालाइ नै समेट्ने गर्दछन् । त्यसैले मगरहरूको संस्कृतिले उनीहरूको सभ्यताको परिचय दिन्छ । मगरहरूका संस्कारलाई सामान्यतया तीन संस्कारमा विभाजन गरिएको पाइन्छ । जुन निम्न रहेको पाइयो ।

(१) जन्म संस्कार

(२) कर्म संस्कार

(३) दाह/मृत्यु संस्कार

पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति, २०६८,केशर जङ वराल मगर, पृ.५८

### ४.४.१ जन्म संस्कार

जन्म संस्कार पहिलो संस्कार हो । मगर समूदायमा महिलाहरू गर्भवती भएपछि सुत्केरी नहुँदासम्म र सुत्केरीपछि ५ महिनासम्म महिला पुरुष दुवैले काटमार गर्न नहुने, मन्दिर जाननहुने, पुजाआजा गर्ने, व्रत वस्न नहुने प्रचलन यस मगर समूदायमा रहेको छ । यहाँ गर्भावस्थामा स्वास्थ्य परिक्षण गर्ने प्रचलन छ । सुत्केरी हुँदा कतिपय घरैमा वुढापाका महिला सुडेनीको सहायता लिने गरिन्छ । वच्चाको जन्म भएपछि ज्योतिष पुरोहितलाई समय दिनवार टिपी छैटौ दिनमा टिपन वनाउने गरेको पाइन्छ । सुत्केरीलाई न्वारन नभएसम्म अलग्गै राखिन्छ ।

पुरुषले न्वारन नभएसम्म छुन नहुने, पोषिला खानेकुरा घिउ, बोका, खसी, कुखुरा काटि खुवाइन्छ । छ दिनमा छैठी गरिन्छ । छैठीमा भाग्य लेखिने विश्वास गर्ने हुनाले रातभरी तेलको वत्तीवाली भजन, नाचगान गरी जाग्राम वस्ने गर्दछन् । चाडपर्व नजिकिएको समय भए ७ दिनमा नभए ११ दिनमा आमावच्चा नुहाएर शुद्ध भए पछि पुरोहितद्धारा पुजा पाठ गरी गहुँत छर्केर, गहुँत खाइ न्वारन वा नयाँ मानिसको नामाकरण गरिन्छ । घर र घर परिवारका मानिसलाई शुद्ध पारिन्छ । जन्मबाट न्वारन नभएसम्म त्यस खलकका मानिसहरूलाई सुत्केरो परेको अशुद्धि मानिन्छ । सुत्केरो अवधीभर पुजाआजा, मन्दिर जाने गरिदैन ।

### ४.४.१.१ न्वारन

वच्चा जन्मेको ११ दिनमा न्वारन गर्ने गरिन्छ । घर लिपपोत, कपडा धुने, वच्चा आमा नुहाउने र न्वारन गरेको घर, भाइखलकहरू गहुँत छर्की सुत्केरो चोखिन्छन् । न्वारन गर्दा व्राम्हण ज्योतिषले वच्चाको नाउँ राखिदिने गरिन्छ । जुन दिन वच्चाको वावु अनिवार्य हुनुपर्ने वावु नभएमा हजुरवावा (वाजे) ले न्वारन पुजा गर्ने, वच्चाको ढाड, हातखुट्टामा धागो वाध्ने, वच्चाको मावलीले सुनचाँदी, कपडा वच्चालाई दिने गरेको पाइन्छ । न्वारन पुजामा आफ्ना इष्टमित्र, भाइ खलकहरूलाई निमन्त्रणा गरिन्छ । पाहुनाहरूलाई सुंगुर, राँगा, कुखुरा, खसीबोका काटी, जाँड रक्सि सहित खाना खुवाउने चलन रहेको पाइन्छ ।

### ४.४.१.२ अन्न प्रासन

न्वारनपछि गरिने अर्को संस्कार अन्न प्रासन हो । यसलाई पास्नी, भात खुवाइ  पनि भनिन्छ । यस संस्कारमा अध्ययन क्षेत्रका मगर समूदायहरूले अन्य जाति जस्तै छोरी भए ५ महिनामा छोरा भए छ महिनामा ज्योतिषसँग राम्रो साइत हेरी, नयाँ कपडा, गरगहना लगाइ नजिकको मन्दिर लैजाने, व्राम्हणले पुजापाठ गर्ने, टिका लगाइदिने गरिन्छ । सक्नेले चाँदीको पैसाले, चाँदीको थालमा र नसक्नेले चरेस वा स्टिलको थालमा भात, मासु, फलफुल, तरकारी, मिष्ठान भोजनहरू राखी पहिला कन्याले वच्चालाई भात खुवाइदिने चलन रहेको पाइन्छ । त्यसपछि घरपरिवार, आमन्त्रित पाहुनाहरूले क्रमशः भात खुवाइ आफ्नो गच्छे अनुसार आर्शिवादका साथै पैसा कपडा दिने चलन रहेको पाइन्छ । निमन्त्रणा गरेका पाहुनाहरूलाई मासुभात, जाँड रक्सि खुवाइन्छ । सम्पन्न परिवारले तडक भडक तरिकाले अन्न प्रासन गरे पनि अन्यले सामान्यतवरले गरेको पाइन्छ । अन्न प्रासनको दिनमा वच्चालाई खानेकुराको थालको नजिक दुना टपरी कचौरा पिलेटहरूमा थरी थरी खानेकुरा राखिन्छ । ती मध्ये जुनचाँही वच्चाले पहिले समाउँछ त्यही आधारमा वच्चाको स्वभाव चिनिन्छ भन्ने मान्यता यस समूदायमा पाइन्छ ।

### ४.४.१.३ छेवर र गुन्युचोली

यस क्षेत्रका मगर समूदायले विजोड वर्ष ५,७,९, ११ जस्ता विजोड वर्ष पारेर छोराको कपाल मामाले खौरीदिने, दिदीवहिनीले चरेशको थालमा कपाल थाप्ने र सफा पवित्र ठाउँमा पातीको गाँजमा राखेमा शुभहुने विश्वास पाइन्छ । यस छेवर पुजाको लागि साइतको समयमा जग्गे वनाउने, साइतको समयमा बाजा वजाउने, व्राम्हण र पुरोहितले

होमन गर्ने तथा कसै कसैको मावलीले भाञ्जालाई आफ्नो घरमा चोरेर छेवर गर्न लैजाने चलनपनि पाइन्छ । मावलीले आफन्तहरूलाई निमन्त्रणा गरी आफ्नो हैसियत अनुसार छेवर गर्ने गरेको पाइन्छ ।

यस समूदायमा छोराको छेवर जस्तै छोरीलाई पनि विजोड वर्षमा शुभ साइत हेरी आमावावुले घाँघर वा गुन्युचोली दिने चलन रहेको पाइन्छ । छोरीलाई गुन्युचोली दिएपछि कर्म चलाउन योग्य भएको मानिन्छ । यी कार्यहरू सम्पन्न गर्दा इष्टमित्र वोलाइ जाँड रक्सि, माछा, मासु, वारा, सेलरोटी जस्ता खानेकुराहरू खुवाइ रमाइलो गरेको पाइन्छ ।

### ४.४.१.४ विवाह

कुनै पुरुष र महिलाले एक अर्कालाई पतिपत्नीको रुपमा स्वीकार गर्नु नै विवाह हो । महिला र पुरुष उमेरमा परिपक्क भएपछि पतिपत्नीको रुपमा मान्यता दिने वैधानिक परम्परा विवाह हो । विभिन्न जाति समूदायमा विवाह गर्ने तरिका आ–आफ्नै किसिमका हुन्छन् । हाम्रो नेपाली समाजको मूलुकी ऐनले विवाह वारी गर्दा हाडनाता अर्थात सात पुस्ताभित्र विवाह गर्न वन्देज लगाएको छ । मगर जातिको पनि आफ्नै प्रकारको विवाह गर्ने चलन रहेको छ । मगरहरूले प्राय आफ्नो दाजु भाइले आफ्नो दिदीवहिनीका छोराहरूलाई छोरी दिने अर्थात मामा चेली र फूपुचेला विच विवाह गर्ने जातिय परम्परा रहेको पाइन्छ । मगर समूदायमा मामाको छोरीलाई विवाहका लागि हक लाउने भन्ने गर्दछन् । आजकल आफूँले मन पराएको अन्तर जातिय विवाहले पनि स्थान पाउन थालेको पाइन्छ । हाम्रो नेपालको मूलुकी ऐनले विवाह गर्दा केटाकेटी शारीरिक र मानसिक रुपमा पुर्ण विकसित भएको र दवै जना २० वर्ष पुरा गरेको हुनुपर्ने रहेको छ । यहाँका मगर समूदायले भने केटी २० र केटा २५ वर्ष पुगेपछि विवाह गर्न योग्य हुन्छन् भन्ने धारणा पाइन्छ । किनकी उमेर परिपक्क नभएसम्म शारीरिक र मानिसिक रुपमा विकसित नहुने सामाजिक मूल्य मान्यता अवलम्वन गर्न सक्षम नहुने हुँदा उमेर पुगे पछि मात्र विवाह गर्दा राम्रो हुने र विवाह सफल हुने मान्यता रहेको पाइन्छ । वर्तमान अवस्थामा यस अध्ययन क्षेत्रमा मगर समूदायमा दुई प्रकारका विवाह गर्ने चलन रहेको पाइन्छ ।

(१) मागिविवाह

(२) प्रेम विवाह

मागि विवाहमा केटा र केटीका अभिभावकहरूको सहमतिमा गर्ने गरिन्छ । केटा पट्टिका अभिभावकहरूले केटी पट्टिका अभिभावकसँग केटी माग्न जाने वा विवाहको प्रस्ताव राख्दछन् । विवाह प्रस्ताव स्वीकार भएपछि वा पक्का भएपछि राम्रो दिनको साइत हेराएर विवाहको दिन तोकिन्छ । विवाहको दिनमा वावुको अनिवार्यता रहन्छ । वावु नभए ठुलावावा, काकाहरूले वुवाको भूमिका निर्वाह गर्नु पर्दछ । विवाह गर्दा केटीको माइती तर्फबाट मागभए अनुसार रक्सि, मासु, सेलरोटी, वारा, मावलीभारी सामान, दुलहीको आमा, छ्यामा, फूपु र दिदीवहिनीलाई कपडा, दहिको ठेकीआदि लैजानु पर्ने चलन रहेको पाइन्छ । विवाहपछि दुलान फर्काउने चलन छ । दुलान फर्काउँदा सेलरोटी, रक्सि, मासु दुलहीको माइत लैजाने चलन रहेको पाइन्छ र दुलहीको माइतबाट दुलाहाको घरमा पनि यस्तै कोसेली लैजाने चलन रहेको पाइन्छ ।

प्रेम विवाहले मगर समूदायमा बढि महत्व पाएको छ । विभिन्न चाडपर्व, मेला, जात्रा, देउसी भैलो, विद्यालय, मेलापातमा जाँदा भेटघाट तथा वर्तमान समयको मोवाइल, फेसवुक जस्ता सामाजिक संचार माध्यमबाट केटाकेटी विच माया प्रेम वस्दछ । केटाकेटीविच प्रेम सम्वन्ध भएपछि अभिभावकको मञ्जुरीमा घरमा भित्राइन्छ भने मञ्जुरी नदिएमा केटाकेटी भागी आफन्तको घरमा गएर वस्ने, अन्यन्त्र शहरमा वा गाउँमा कोठा भाडामा लिइ वस्ने गरेको पाइन्छ । पछि अभिभावकले घर भित्राउने गरेको पनि पाइन्छ । कतै कतै १५/१६ वर्षमै केटाकेटी भाग्ने, अन्तरजातिय विवाहको प्रचलन समेत रहेको पाइन्छ । प्रेम विवाह गर्ने प्राय कम उमेरका रहेका छन् । अन्तर जातिय विवाहलाई पनि यस क्षेत्रमा मगरहरूले स्वत स्वीकारेको पाइन्छ । तर दलित समूदायमा अन्तरजातिय विवाहलाई अन्य ठाउँमा जस्तै यस क्षेत्रमा पनि बुढापाकाले स्वीकार गर्न नसकेको पाइन्छ ।

### ४.४.२ मृत्यु संस्कार

मानिसको जन्मपछि मृत्यु अनिवार्य प्रक्रिया हो । यो पनि एउटा संस्कार हो । विभिन्न जातजाति अनुसार फरक फरक तरिकाले मृत्यु संस्कार गर्ने गर्दछन् । मृत्यु भएपछि लासलाई कुनै पनि जनावरले नछुने गरि सुरक्षित गरि राखिन्छ भने अन्य जातिका मानिसलाई छुन नदिने गरिन्छ । लासलाई बाँसको खट वनाएर वाँध्ने गरिन्छ । लासलाई घाटमा लैजादा लासको अगाडी सेतो कपडालाई बाटो देखाउने भनेर वासको छडीमा वाधेर लासको अगाडी अगाडी हिड्ने चलन पाइन्छ । छोराछोरी, घरपरिवार र भाई खलकहरूले

लासलाई पानी खुवाउने पनि परम्परा भएको देखिन्छ । सेतो कपडाको बाटो देखाउनेको अगाडी एक जनाले जौ, तिल, मास, चामल, लावा, सिक्का पैसा, फुलहरू बाटोको ठाउँठाउँमा वुर्की छर्ने गर्दछन् । लासलाई घाटमा लगेर दाउराको चिता वनाई जेठो छोराले दागवत्ती दिने गर्दछन् । छोरा नहुनेले दाजुभाई नाता पर्ने मानिसबाट दागवत्ती दिने गर्दछन् । लास जलाई सकेपछि छोराहरूले नुहाएर कपाल कुटुम्व (भेना, ज्वाइ, भान्जा) बाट खौरी सेतो कपडा नसिलाएको लगाएर किरिया गर्दछन् । मलामीले नुहाएर सुनपानी छर्किने गर्दछन् । यस क्षेत्रका मगरहरूले काजक्रिया गर्दा दुई किसिमले गरेको पाइन्छ । एकथरीले १३ दिन किरिया वस्ने गर्दछन् भने अर्को थरीले ७ दिन किरिया वसि चोख्याउने पनि गरेको पाइन्छ । १३ दिन किरया वस्नेहरूले व्राम्हण राखी काजकिरियाको कार्य गराउँदछन् र गाईको गहुँतले चोख्याउने गर्दछन् भने ७ दिन किरिया वस्नेहरूले मगर पण्डित (वापा) राखी सुन पानी छर्केर चोख्याउने गर्दछन् । दुवै थरीको किरिया पुत्रीलाई नचोखिदाँसम्म उनीहरुको चेलीवेटीले प्रत्येक दिन छुट्टाछुट्टै घरबाट किरिया वस्नेलाई खानाको सामाग्री उपलव्ध गराउने चलन पनि रहेको छ । दुवै थरीको शुद्धाशुद्धीको दिन चेलीवेटीले माइतीलाई तेल लगाई दिएर माछा, मासु, जाँड, रक्सि, वारा, सेलरोटी, अचार वनाई खुवाएपछि शुद्ध भएको मानिन्छ । अन्य मलामीहरूलाई मृतकका परिवार र भाईखलकहरूले खानेकुरा वनाई खुवाउने गरिन्छ ।

# अध्याय : पाँच

# आर्थिक अवस्था

अर्थ व्यवस्था नै समग्र समाज विकासको मुख्य कारक हो । नेपाल कृषि प्रधान देश हो । कृषि प्रधान विकाशोन्मुख देश भएकाले यसको अर्थ व्यवस्था मुख्यतः कृषिमा नै आधारित छ । यस जिल्लाका मगर जातिको पनि मुख्य पेशा कृषि नै हो । त्यस अलवा व्यापार, नोकरी, वैदेशिक रोजगार, सेना प्रहरीमा नोकरी, वैदेशिक सेनामा भर्ती, ज्याला मजदुरी आदि पेशामा संलग्न रहेका छन् ।

मानव समाजका हरेक क्रियाकलापहरूलाई आर्थिक पक्षले प्रभाव पारेको हुन्छ । सामाजिक, सांस्कृतिक चालचलन, लवाइखवाइ जस्ता जीवनशैलीमा आर्थिक पक्षको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस अध्यायमा यस अध्ययन क्षेत्रका मगर समूदायको अर्थ व्यवस्थामा पर्ने कृषि, पशुपालन, नोकरी आदिबाट हुने गरेको आयव्ययको अध्ययन गरिएको छ ।

## ५.१ भू स्वामित्व

भू स्वामित्व भनेको जग्गा जमिनको अधिकार हो । जग्गा जमिन मानिसको अचल सम्पत्ती हो । यस अन्तर्गत घर, जग्गा, खेत, वारी, पाखो आदि पर्दछन् । यस अध्ययन क्षेत्रका मगरजातिको आम्दानीको प्रमुख स्रोत कृषि भएकाले नमूना छनौटमा परेका उत्तरदाताहरूको केही न केहीजग्गा रहेको पाइयो । अध्ययन क्षेत्रका नमूना उत्तरदाताहरूको भू स्वामित्वलाई ५ समूहमा वर्गीकरण गरी निम्न तालिकामा देखाइएको छ ।

**तालिका ९**

**भू स्वामित्वको आधारमा पारिवारिक विवरण**

| क.सं. | रोपनी | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०–५ | ० | ० |
| २ | ५–१० | ८ | १६ |
| ३ | १०–१५ | १० | २० |
| ४ | १५–२० | १४ | २८ |
| ५ | २० भन्दामाथि | १८ | ३६ |
| | जम्मा | ५० | १०० |

स्रोत: स्थलगतअध्ययन, २०७८

माथिको तालिकाबाट यस क्षेत्रमा वसोवास गर्ने मगरहरूको भू स्वामित्वको स्थिति हेर्दा ०–५ रोपनी भएका ० प्रतिशत, ५–१० रोपनी जग्गा भएका ८ घर अर्थात १६ प्रतिशत, १०–१५ रोपनी जग्गा हुने १० घर वा २० प्रतिशत, १५–२० रोपनी हुने १४ घरधुरी वा २८ प्रतिशत रहेको देखिन्छ । २० रोपनीभन्दा वढि जग्गा १८ घरधुरी वा ३६ प्रतिशत रहेको छ । अध्ययनको क्रममा सबैभन्दा वढि जग्गाहुने उत्तरदाताको ८० रोपनीसम्म जग्गा रहेको समेत पाइयो । यहाँका मगरहरूको खेतवारी कम र वढि पाखो जग्गा भएकाले आफ्नै उत्पादनबाट भएको अन्नले वर्षभरि खान कमैलाई पुग्दछ ।

यस अध्ययन क्षेत्रको जमिनलाई तीन भागमा विभाजन गरेको पाइन्छ । ती हुन पाखो, वारी र खेत । यस क्षेत्रको जमिन धेरैजसो भिरालो परेको हुनाले वारी र पाखो धेरै र खेत कम रहेको जुन खोलाको आसपास फेदिमा रहेको पाइन्छ । यहाँको मूख्यवाली मकै हो, त्यसपछि कोदो हो । मकै र कोदो वारी र पाखाहरूमा लगाइन्छ । कोदोलाई यहाँका मगर समूदायले वढि प्रयोग जाँड रक्सि वनाउन प्रयोग गर्छन् । खेतहरुमा धान लगाउने गर्दछन् र भट्ट , मास पनि लगाइएको पाइयो ।

यस क्षेत्रमा वढि भिरालो किसिमको जग्गा भएका कारण सुन्तलाको लागि उपयुक्त भएकाले यस क्षेत्रलाई सुन्तला पकेट क्षेत्र घोषणा गरी व्यापक रुपमा सुन्तला खेती शुरु गरेको पाइन्छ । त्यस्तै नगदे वालीमा अदुवा खेती र तरकारी खेती गरेको पनि देखिन्छ । यस क्षेत्रमा सिंचाइको राम्रो व्यवस्था नभएकाले दुई वर्ष अगाडीदेखि आकासे पानीलाई खाडल खनी त्रिपाल राखेर वर्षाको पानी जम्मा गरेर तरकारी खेतीमा सिंचाइ गरेको देखिन्छ । त्रिपाल खरीद गर्न कृषि संस्थाले अनुदान पनि दिएको पाइयो । यसलाई सर्भसुलभ वनाउन जरुरी रहेको यस क्षेत्रका मानिसहरूको माग रहेको छ । यस क्षेत्रमा भिरालो जग्गा, सिंचाइको व्यवस्था नहुनु, वैज्ञानिक कृषि नहुनाका कारणले क्षेत्रफलका आधारमा र कृषि कर्मको आधारमा उत्पादन कम हुने रहेको छ । उत्पादित अन्नबाट वर्षभरि खान नपुग्ने भएकाले वजारबाट खरिद गर्नुपर्ने अवस्था रहेको छ ।

## ५.२ पशुपालन

पशुपालन पनि यहाँको एउटा पेशा हो । पशुपालन कृषिको सहायक पेशा हो । कृषि पेशा पशुपालनविना नेपालमा अधुरो हुन्छ । पशुपालनबाट मानवले माछा, मासु, दुध, घिउ, अण्डा, मलमुत्र, कपडाको लागि ऊनआदि प्राप्त गर्दछौं । पशुपालन र कृषि एक अर्काका

पुरक मानिन्छ । पशुपालन विना कृषि र कृषिविना पशुपालन गर्न नेपालको पहाडी क्षेत्रमा कठिन हुन्छ । त्यसैले पशुपालन कृषिमा निर्भर गर्दछ । कृषिका लागि आवश्यक मल पशुबाट प्राप्त हुन्छ । त्यति मात्र नभएर पहाडी क्षेत्रमा खेत जोत्न, सामान ओसार पसार गर्न पनि पशुहरूको प्रयोग गरेको पाइन्छ । यस अध्ययन क्षेत्र घिरिङमा नमूना संकलन गरिएको घरधुरीहरूमा पशुपालनको स्थिति निम्नतालिकामा देखाइएको छ ।

**तालिका १०**

**पशुहरूका किसिमका आधारमा उत्तरदाताको वर्गिकरण**

| क.सं. | पशुहरूको विवरण | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भैसी/राँगा | १५ | ३० |
| २ | गाई/गोरु | २५ | ५० |
| ३ | खसी/वाखा | २८ | ५६ |
| ४ | कुखुरा | ३८ | ७६ |
| ५ | वंगुर | १५ | ३० |

स्रोतः स्थलगतअध्ययन, २०७८

माथिको तालिका अनुसार यस क्षेत्रमा वसोवास गर्ने परिवारहरूले सबै भन्दा वढि कुखुरा ७६ प्रतिशतले र सबैभन्दा कम वंगुर ३० प्रतिशतले पालेको देखिन्छ । यहाँका मगरहरूको प्रायः प्रत्येक घर घरमा कुखुरा, गाई, भैसी, गोरु, वाखामध्ये कुनै न कुनै पशुपन्क्षी पालेका रहेका हुन्छन् । कुखुरा र वाखा घरको नजिक आँगन आसपासमा पालेको पाइन्छ भने वंगुर र गाईभैसी घरवाट अलि टाढा गोठ रहेको देखिन्छ । कुखुराहरू पाहुना आउँदा खुवाउने, मेलापर्व तथा होमस्टेमा विक्री गर्ने गरेको स्थानियहरू वताउँछन् । गाई भैसीको दुध, घिउबाट केही परिवारले विक्री गरी घर खर्च टार्न प्रयोग गरेको पाइयो । भिमादबजार, खैरनिटार वजारमा लगि स्थानिय उत्पादन ( खसी,वाखा, वंगुर ) विक्री गरेको पनि पाईन्छ । यातायातको सुविधा भएका कारण यस क्षेत्रको उत्पादन बजारसम्म लैजान सहज रहेको छ । समग्रमा भन्नुपर्दा यस क्षेत्रको पशुपालनको स्थिती सन्तोषजनक रहेको पाइयो ।

## ५.३ पेशा

पेशा भन्नाले जीवनयापनका लागि गरिने काम, इलम वा व्यवसायलाई वुझिन्छ । यस क्षेत्रका मगरहरूले विभिन्न पेशाहरू अपनाएको पाइन्छ । यहाँका वयस्क मगरहरूको मुख्य पेशा कृषि नै रहेको छ । यसका साथै युवा जागिर, राष्ट्र सेवा, शिक्षक, कर्मचारी, राजनैतिक प्रतिनिधि, स्वदेश तथा विदेशी सैनिकका साथै युवाहरू विदेशी रोजगारमा वढि आकर्षित भई विदेश लागेको पाइयो । पुरुषहरू घर वाहिर विभिन्न पेशामा लागे पनि घरको खेतीपाति, पशुपालन, घरको काम महिलाहरूले वढि गरेको पाइन्छ । यस क्षेत्रका मगरजाति निजामति सेवामा भने कमै जागिरे भएको पाइयो । वर्तमानको आरक्षण र संघियताले गर्दा विभिन्न कार्यमा सेवारत रहेको देखिन्छ । सरकारी जागिर सैन्य पेशा, विदेशी रोजगार आदि पेशाबाट फर्केपछि गाउँमा अदुवा, सुन्तला, मास, भट्ट, तरकारी वाली जस्ता नगदेवाली लगाई आफ्नो आर्थिक स्थीति राम्रो वनाएको भेटिन्छ । यस अध्ययन क्षेत्रमा नमूनाको रुपमा छनौट गरिएका ५० घरधुरीका युवायुवतीहरू निम्न पेशामा आवद्ध रहेको पाइयो ।

**तालिका ११**

**उत्तरदाताको घरधुरीमा रहेका सदस्यको पेशाविवरण**

| क्र.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ३८ | ७६ |
| २ | व्यापार | ८ | १६ |
| ३ | सरकारी जागिर | ६ | १२ |
| ४ | वैदेशिक रोजगार | १२ | २४ |
| ५ | ज्याला मजदुरी | ८ | १६ |

स्रोतः स्थलगतअध्ययन, २०७८

माथिको तालिकाअनुसार ५० घरधुरीका परिवारहरूमा सबैभन्दा वढि कृषिमा ३८ जना अर्थात ७६ प्रतिशत रहेको पाईयो भने सबै भन्दा कम सरकारी जागिरेको संख्या ६ जना अर्थात १२ प्रतिशत रहेको पाईयो । वैदेशिक रोजगारमा १२ जना अर्थात २४ प्रतिशत पाईयो भने व्यापार र ज्याला मजदुरीमा ८ जना अर्थात १६ प्रतिशत रहेको पाईयो । व्यापार र ज्याला मजदुरीमा समान संख्या रहेको पाईयो । कतिपय व्यक्तिहरू दुवै पेशामा पनि

आवद्ध भएको पाईयो  जस्तै जागिरेले विहान वेलुका र विदाको समयमा कृषि कार्यमा पनि संलग्न रहेका छन् ।

## ५.४ उद्योग

यहाँका मगरजातिहरूले ठुला कलकारखाना उद्योग खोलेको पाइदैन । सानातिना घरेलु उद्योग, फर्निचर, ग्रिलउद्योग, कुटानी पिसानी मिल, किराना, फेन्सी पसल, कस्मेटिक पसल, सानातिना चियापसल, मासु पसल साथै फुर्सदको समयमा जाँड रक्सि पार्ने, डोको नाम्लो, डालो, नाङ्लो आदिवुन्ने गरेको पाइन्छ । यसरी मगर समाजमा केही महिलाहरू जाँड रक्सि पारी वेचविखन गरी आफ्नो जीविको पार्जन गरेको पाइन्छ ।

## ५.५ प्रमुख वाली र खेती गर्ने तरिका

यस क्षेत्रमा मुख्य रुपमा उत्पादन गर्ने वालीहरूमा मकै, कोदो, धान पर्दछन् । यहाँ हिउँदे र वर्षे गरेर दुई प्रकारका खेती गरिन्छ । हिउँदे खेती कम उत्पादन हुने र वर्षे खेती हिउँदेको तुलनामा वढि हुने गर्दछ । यस क्षेत्रका नगदे वालीहरूमा सुन्तला, भट्टमास, मास, पिंडालु, सखरखण्ड, अदुवा, वेसार,सिमी र तरकारी खेती आदि रहेका छन् । यस क्षेत्रमा सिंचाइको राम्रो व्यवस्था नभएकाले वेसी खोला आसपासका जग्गाहरूमा वाहेक अन्य जग्गामा मनसुनी वर्षा पर्खनु पर्दछ ।

यस क्षेत्रमा खेती गर्ने तरिका आफ्नै पुरानै परम्परागत रहेको पाइन्छ । यहाँ खेतवारी जोत्नको लागिगोरु र हलो, खेतालाले जोत्ने खन्ने गरेको पाइन्छ । आजकल भने यदाकदा हाते ट्याक्टरको प्रयोग गरेको देखिन्छ । यहाँ रासायनिक मलको प्रयोग साह्रै न्युन तथा गोवर मलको वढि प्रयोग गरेको पाइन्छ । त्यस्तै खेतीपातीमा लाग्ने किरा फट्याङ्ग्रा मार्न विषादीको प्रयोग भन्दा खरानी, गाइको पिसाव, पिना आदिको प्रयोग गरिन्छ । यहाँ विउ विजनको प्रयोग परम्परागत तरिकाले राख्ने गरेको पाइन्छ । जसमा विउमा उम्रने क्षमताको कमी, उत्पादन हुने क्षमतामा कमी, विकसित विउको प्रयोगको कमिका साथै खेतीपातीमा रोग लाग्ने गरेको पाइन्छ । नयाँ उन्नतजातको विउबाट उम्रने क्षमता वढि, उत्पादनमा वृद्धि, विरुवाको वृद्धि विकासमा तिव्रता, रोग कम लाग्ने भन्ने जानकारी भएता पनि आफ्नो तरिकाले पुरानै विउको प्रयोग गरि खेतीपाती गरेको वताउँछन् । यस क्षेत्रका मगरजातिहरूले हालआएर आकासे पानी संकलन गरि तरकारी खेती गरेको पाइन्छ ।

यस क्षेत्रका मगरहरूलाई कृषिसँग सम्वन्धित आधुनिक खेती प्रणालीको वारेमा पुर्ण रुपमा ज्ञान सिप नरहेकाले, सिंचाइको राम्रो व्यवस्था नभएकाले, खेतीपाती गर्ने पुरानै तरिका अपनाउने गरेको कृषकहरू वताउँछन् । अध्ययन क्षेत्रमा छनौट भएका मगरजातिका परिवारको खाद्यान्नको पहुँचलाई निम्न बमोजिम तालिकामा देखाइएको छ :

**तालिका १२**

**खानापुग्ने र नपुग्ने अवधिको आधारमा उत्तरदाताको विवरण**

| क.सं. | खानपुग्ने अवधी | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | ३ महिनासम्म | ४ | ८ |
| २ | ६ महिनासम्म | ११ | २२ |
| ३ | ९ महिनासम्म | १४ | २८ |
| ४ | १ वर्षसम्म | २१ | ४२ |
| | जम्मा | ५० | १०० |

स्रोत: स्थलगतअध्ययन, २०७८

माथिको तालिका अनुसार आफ्नै जग्गामा उत्पादन गरिएको अन्नले वर्षभरि खानपुग्ने २१ घर परिवार अर्थात ४२ प्रतिशत देखिन्छ भने ३ महिनामात्र खान पुग्ने परिवार संख्या ४ घरपरिवार अर्थात ८ प्रतिशत रहेको देखिन्छ । ६ महिनासम्म खानपुग्ने घरधुरी ११ परिवार अर्थात २२ प्रतिशतभने ९ महिनासम्म खान पुग्ने १४ घरपरिवार अर्थात २८ प्रतिशत रहेको छ । यस क्षेत्रमा वसोवास गर्ने मगर परिवारहरूले आफ्नो खानपानका लागि अपुग अन्न खरीदका लागि अन्य पेशा व्यवसायको आम्दानीबाट खर्च गर्ने गरेको पाईयो ।

## ५.६ वार्षिक आयव्यय

यस अध्ययन क्षेत्रका मगरहरूको आर्थिक अवस्था मध्यम रहेको पाइन्छ । यहाँका मगरहरूको मुख्य पेशा कृषि हो तापनि खेति योग्य जमिन, सिंचाइको राम्रो व्यवस्था र आधुनिक तरिकाले खेतिपाती गर्ने ज्ञान नभएका कारण वर्षभरी खानलाई अपुग हुने गरेको पाइयो । तसर्थ खाद्यान्न विक्रि गरेर आय आर्जन गरेको खासै पाइदैन । यस आयव्यय विवरण तयार गर्ने क्रममा उत्तरदाताबाट प्राप्त तथ्य, जग्गाको उर्वरा, जनशक्ति रोजगारीको अवस्था आदिलाई ध्यानमा राखी आयव्ययको सत्यताको नजिक पुग्ने प्रयास गरिएको छ । यहाँका अधिकांश मगरहरू परिश्रम गरी खर्च जुटाउने गर्दछन् । सामान्य रुपमा हुने आम्दानी खान लाउन र घर सञ्चालनमा खर्च हुने गर्छ ।

### ५.६.१ अनुमानितवार्षिक आयको अवस्था

अध्ययन क्षेत्र घिरिङ गाउँपालिकाका मगरहरूको कृषि, पशुपालन, नोकरी, व्यापार, वैदेशिक रोजगार तथा ज्याला मजदुरी आदि प्रमुख आम्दानीका स्रोत हुन् । अध्ययनको क्रममा नमूना छनौटमा परेका उत्तरदाताहरूलाई वार्षिक आयको आधारमा तलको तालिकामा देखाइएको छ ।

**तालिका १३**

**वार्षिक आयको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | वार्षिक आम्दानी | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | २००००० सम्म | ५ | १० |
| २ | २००००० –३०००० | ८ | १६ |
| ३ | ३००००–४००००० | ७ | १४ |
| ४ | ४०००००–५००००० | ९ | १८ |
| ५ | ५०००००–६००००० | ९ | १८ |
| ६ | ६००००० भन्दामाथि | १२ | २४ |
| | जम्मा | ५० | १०० |

स्रोत: स्थलगतअध्ययन, २०७८

माथिको तालिका अनुसार वार्षिक रुपमा २ लाखसम्म आम्दानी गर्ने परिवारको संख्या १० प्रतिशत, २ लाखदेखि ३ लाखसम्म आम्दानी हुने परिवार संख्या १६ प्रतिशत, ३ लाख देखि ४ लाखसम्म आम्दानी गर्ने परिवार संख्या १४ प्रतिशत, ४ लाखदेखि ५ लाखसम्म आम्दानी हुने परिवार संख्या १८ प्रतिशत, ५ लाखदेखि ६ लाखसम्म परिवार संख्या १८ प्रतिशत छ भने सबैभन्दा वढि वा ६ लाखभन्दा माथि आय हुने परिवार संख्या २४ प्रतिशत रहेको स्थानिय घरधुरी उत्तरदाताबाट जानकारी पाइयो ।

### ५.६.२ अनुमानित वार्षिक व्यय/खर्चको अवस्था

यस क्षेत्रका मगर परिवारहरूले वर्षभरिमा गर्ने खर्च मुख्यतया खाद्यान्न खरीद, शिक्षा, स्वास्थ्य, लत्ताकपडा, धुमपान, मध्यपान, चाडपर्व खर्च (संस्कार), मेलापर्व, सामाजिक क्रियाकलाप, घर बाटोघाटो निर्माण तथा सुधार, यातायात लगायतका विविध शिर्षकमा खर्च गर्ने गरेको पाइन्छ । आम्दानी जस्तै खर्च वा व्ययको तथ्य पत्ता लगाउने कार्य पनि कठिन

रहेता पनि वार्षिक खर्चको अनुमानलाई वास्तविकताको नजिक नजिक पुऱ्याउने कोशिस गरिएको छ । तसर्थ उत्तरदाताको वार्षिक पारिवारिक खर्चको विवरण स्थलगत सर्वेक्षणको आधारमा निम्नानुसार तालिकामा प्रस्तुतगरिएको छ ।

**तालिका १४**

**वार्षिक व्ययको आधारमा उत्तरदाताको विवरण**

| क.सं. | व्यय रकम | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २ लाखसम्म | ४ | ८ |
| २ | २ लाखदेखि २ लाखपचास हजारसम्म | ७ | १४ |
| ३ | २ लाखपचास हजार देखि ३ लाखसम्म | ११ | २२ |
| ४ | ३ लाखदेखि ३ लाखपचास हजारसम्म | १३ | २६ |
| ५ | ३लाखपचास हजारदेखि ४ लाखसम्म | ९ | १८ |
| ६ | ४ लाखभन्दामाथि | ६ | १२ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७८

माथिको तालिका अनुसार सबैभन्दा कम २ लाखसम्म खर्च गर्ने परिवार संख्या ४ अर्थात ८ प्रतिशत रहेको छ भने सबैभन्दा बढि ४ लाखभन्दा बढि खर्च गर्नेको परिवार संख्या ६ अर्थात १२ प्रतिशत रहेको पाईयो । प्राय मगर जातिहरूले खर्च गर्ने क्रममा आफ्नो आयलाई ख्याल गर्ने गरेको पाईदैन । विवाह, चाडपर्व, संस्कार आदि कार्यका लागि आफूसँग अपुग भएमा साहुसँग ऋृण लिएर भएपनि आफ्नो क्षमताभन्दा बढि खर्च गर्ने गरेको पाईन्छ । प्रायजसो मगरहरूले आम्दानीभन्दा बढि खर्च गर्ने चलन रहेकाले साहुको ऋृण तिर्न विदेशिनु परेको, जग्गा वेच्नु पर्ने तथा कडा परिश्रम गर्नु परेको अवस्था रहेको पाईन्छ ।

### ५.६.३ वचत हुने, नहुने र खर्च अपुग हुने

अध्ययन क्रममा छनौट गरिएका ५० घर परिवारमा जागिर, वैदेशिक रोजगारी, पेन्सनवाला, व्यापार गरेका घरपरिवारको मात्र केही मात्रामा वचत हुने गरेको पाइयो । अध्ययन गरिएका ५० घर परिवारहरूको वचत गर्न सक्ने र वचत गर्न नसक्ने परिवारलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका १५**

**वचत गर्न सक्ने र नसक्ने आधारमा उत्तरदाताको विवरण**

| **क.सं.** | **वचतको अवस्था** | **घरधुरी संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | वचत गर्न सक्ने | ३२ | ६४ |
| २ | वचत गर्न नसक्ने | १८ | ३६ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगतअध्ययन, २०७८

माथिको तालिका अनुसार अध्ययनको क्रममा परेका ५० घरपरिवारमा ३२ घरपरिवार अर्थात ६४ प्रतिशतले केही मात्रामा वचत गर्न सकेका छन् भने बाँकी १८ घरपरिवार अर्थात ३६ प्रतिशतले वचत गर्न नसक्ने देखिन्छ। त्यस मध्ये केहीको आम्दानी र खर्च बरावर हुने गरेको वताउँछन् भने केहीको खर्च नपुगेर छिमेकमा सर सापटी गर्ने लिने गरेको पाइयो । यिनिहरू चाडपर्व, विवाह, मृत्यु संस्कार गर्न र घर व्यवहार चलाउनको लागि लिएको ऋण सकेको वेला तिर्ने वताउँछन् । त्यस्तो ऋण वाखा, भैसी, वंगुर आदि वेचेर र कसै कसैले त जग्गा वेचेर पनि तिरिको भेटियो । हालआएर गाउँपालिकामा एउटा वैंक रहेकाले थोरै जनाले भएपनि वैंकिङ्ग कारोवार गरेको पनि पाइयो ।

# अध्याय : छ

# सारांश तथा निष्कर्ष

## ६.१ सारांशः

नेपालमा वसोवास गर्ने विभिन्न जनजातिहरू मध्ये मुख्यतया पहाडी भेगमा बसोवास गर्दैआएका मगरहरू मंगोलियन मुलका जनजाति हुन् । मगर जातिहरूको बसोवास म्याग्दी, वाग्लुङ्ग, पर्वत, कास्की, तनहुँ, स्याङ्गजा, पाल्पाआदि नेपालका सर्वत्र भू भागमा बसोवास गरेको पाइन्छ । भोटवर्मेली/चिनियाँ–तिब्वतीभाषा परिवार अन्तर्गतको भाषा वोल्ने मगर १८ मगराती भाषा र १२ मगराती भाषामा विभाजित छन् । नेपालको कुल जनसंख्याको ७.१२ प्रतिशत मगरहरूको जनसंख्या रहेको छ । तनहुँ जिल्लामा बसोवास गर्ने जनसंख्यामा मगरहरू २७ प्रतिशत रहेका छन् भने अध्ययन क्षेत्र घिरिङ गाउँपालिकाको कुल जनसंख्याको ५०.४७ प्रतिशत मगरहरूको जनसंख्या रहेको छ । यस अध्ययन अन्तर्गत घिरिङ गाउँपालिकाको वडा नं. १ देखि ५ सम्म बसोबास गर्ने ५० घर परिवारमा मगरहरूको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाका बारेमा अध्ययन गरिएको छ । यस जातिका बारेमा अध्ययन अनुसन्धानबाट प्राप्त तथ्यहरू संकलन गरी विषय वस्तुलाई प्रष्ट्याइएको
छ ।

यस अध्ययनमा घिरिङ गाउँपालिकाको चिनारी गराउने क्षेत्रमा बसोवास गर्ने विभिन्न जातजातिको चर्चा गर्दै यस अध्ययन क्षेत्र घिरिङका मगरहरूको वर्तमान सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थालाई प्रष्टाउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । मगरहरूको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था अन्तर्गत मगरहरूको पारिवारिक संरचना, स्वास्थ्य तथा शैक्षिक स्थीतिको वर्णन गर्नु, मगर समूदायको भाषा, खानपान, भेषभुषा, चाडपर्व, प्रमुख संस्कारहरूका बारेमा प्रकाश पार्नु तथा यस समूदायको आर्थिक अवस्था यिनिहरूका विभिन्न समस्या, नेपालको गौरववान सम्पत्तीको रुपमा रहेको संस्कृतिलाई निरन्तरता दिनुपर्ने विषय वस्तुहरू समेटिएका छन् । त्यस्तै कृषि मुख्य पेशा भएका मगरजातिको प्रसस्त उर्वरा जमिनको अभाव, सिंचाइको व्यवस्था नहुनु, आकासे पानीको भर पर्नु, खेती योग्य जमिनको अभावले वर्षभरिका लागि खाद्यान्न उत्पादन नहुने

हुनाले श्रम मजदुरी गर्नुपर्ने अवस्था रहेको देखिन्छ । यो समस्याको समाधानको लागि यस जातिलाई विभिन्न क्षेत्रमा विशेष स्थान दिनु पर्ने गरीवि र वेरोजगारी हटाई कृषिमा आधुनिकि करणका लागि विभिन्न सिप र तालिम दिनु पर्ने देखिन्छ । यस क्षेत्रका मगरहरूको सांस्कृतिक अवस्थाको अध्ययन गर्ने क्रममा खानपान, भेषभुषा, रहन सहन, चाडपर्व आदिका बारेमा वर्णन गरिएको छ ।

प्राय मगरहरू हिन्दु धर्मका चाडपर्व मनाउँछन् । यिनिहरूको संस्कार ब्राम्हण समूदायसँग मिल्दा जुल्दा पाइन्छन् । जन्म संस्कार, कर्म संस्कार, विवाह, मृत्यु संस्कार जस्ता संस्कारहरूको वर्णन गरिएको छ । वार्षिक आयव्ययको अवस्थालाई हेर्दा वचतहुने, वचत नहुने वा आयव्यय बराबर हुने र अपुगहुने गरी विभाजन गरिएको छ । खाद्यान्न महगीं लगायत अन्य क्षेत्रको खर्चले वास्तविक बचत हुने अवस्था न्यून रहेको छ ।  शिक्षा, स्वास्थ्य, रोजगारका लागि सिपयुक्त तालिम, प्राविधिक ज्ञान, कृषिमा आधुनिक तालिम, परिपक्क भएपछि मात्रविवाह गर्नुपर्ने, स्वास्थ्यका लागि धामिभ्राकी जस्ता अन्धविश्वास हटाउनु पर्ने, वार्षिक आय र व्यय हेर्दा खान लाउन वा आय र व्यय समान तथा कति पयको गिर्दै गएको आर्थिक अवस्था भएकाले वास्तविक बचत नहुने अवस्था देखिन्छ । कृषिबाट वर्षभरी खान नपुग्ने खाद्यान्न लगायत अन्य वस्तु किन्नु पर्ने हुँदा प्राय जसोको वचत हुने अवस्था रहेको पाइदैन ।

## ६.२ निष्कर्ष

यस अध्ययनमा ५० घरधुरीलाई अध्ययनका लागि नमूना छनौटको रुपमा लिइएको छ । यस क्षेत्रका मगर समूदायहरू वढि एकात्मक परिवार रहेका छन् । साक्षरता दर राम्रो रहेपनि चेतनाको स्थर तथा रुढिवादि अन्धविश्वासका कारण धामिभ्राकी र भ्रारफुकलाई वढि विश्वास गरेको पाइन्छ । यस्ता विविध समस्याहरूको समाधानका लागि मगर समुदायका महिला पुरुष साक्षरता दर बढाउने, चेतनाको स्तरमा बृद्धि गर्नुपर्ने, प्राविधिक शिक्षा र सिपमुलक शिक्षामा विकास गर्न जोड दिनुपनर्ने । परम्परागत रुढीवादी संस्कारलाई हटाउनु पर्ने । राम्रो मुल्य र मान्यताको संरक्षण र संवर्द्धन गर्नु पर्ने । आर्थिक अवस्थालाई हेर्दा आम्दानीको तुलनामा खर्च रकम वृद्धि हुने र बचत गर्ने परीपर्टीको राम्रो व्यवस्था नभएकाले आर्थिक समस्या भ्रेल्नु परेको परिस्थिति रहेकाले यो समस्याबाट छुटकारा पाउनको लागि उनीहरूलाई बचत गर्ने बानीको विकास गर्नुपर्ने । स्वरोजगारका लागि

विविध कार्यक्रम संचालन गर्नु पर्ने । वेरोजगारी र गरिबीलाई हटाउन कृषिलाई परम्परागत विधिलाई विस्तापित गरी आधुनिक कृषि प्रणालीको विकास गर्न सकेमा उनीहरूको आर्थिक अवस्था सुधार हुनेछ । प्राय साधारण शिक्षा मात्र प्राप्त गरेका प्राविधिक शिक्षा, सिपयुक्त तालिम, कृषिमा आधुनिक खेतीपातीको तरिकाको अभाव रहेको देखिन्छ । भर्खर दुई वटा प्राविधिक शिक्षालय खोलिएको तिनिहरूमा कृषि प्राविधिक शिक्षालय र अर्को ओभरसियर पढाउने शिक्षालय खोलिएको पाइयो जहाँ भर्खर मात्र युवाहरू प्राविधिक शिक्षा लिदै गरेका छन् ।

आफ्नो सांस्कृतिक विशिष्टतालाई कायमै र संरक्षण गरेपनि सामाजिक र आर्थिक अवस्था कमजोर नै रहेको पाइन्छ । यस क्षेत्रका मगरहरूको पारिवारिक संरचना, छोराछोरी प्रतिको हेराइमा सकारात्मक परिवर्तन भएको पाइन्छ । अन्तर जातिय विवाहको स्वीकार्यताबाट परिस्थिति अनुसार परिवर्तित भएको पाइन्छ । यस क्षेत्रका मगरहरू अन्य समूदायमा भाइचाराको सम्वन्ध स्थापित गरी मिलेर वसेको पाइन्छ ।

परिवार नियोजनको साधनको प्रयोग पुरुषको तुलनामा महिलाले वढि प्रयोग गरेपनि निरन्तर रुपमा प्रयोग गर्नेको संख्या कम नै रहेको छ । यिनिहरूको घर वरिपरीको वातावरण सन्तोषप्रद छ । यहाँ घरबाट केही टाढा वंगुर पालनलाई सारिएको छ । कुखुरा वाखा भने घर नजिकै आगनमा खोर वनाएर पालिएको छ । प्रत्येक घरमा शौचालयको राम्रो व्यवस्था रहेको छ । ६० प्रतिशत घरधुरीमा मात्र खानेपानीको धारा पुगेको छ । ४० प्रतिशत घरधुरी खानेपानीको लागि मूल र कुवाको भर पर्नु परेको छ । विजुली वत्तिको सुविधा २ घरधुरी बाहेक सम्पूर्ण घरहरुमा पुगेको छ । खान पकाउनको लागिभने केही मात्रामा विजुली र ग्याँसको प्रयोग भएपनि अधिकांस घरधुरीले दाउराको प्रयोग गरेको पाइन्छ ।

यहाँका मगरहरूको मुख्य पेशा कृषि हो । यसका साथै पशुपालन, नोकरी, ज्याला मजदुरी, सरकारी कार्यालयमा नोकरी, शिक्षक पेशा, राजनिति, वैदेशिक रोजगारहरूमा संलग्न रहेको पाइन्छ । ५ वटा वडाहरू मध्ये गाउँपालिका मेयर सहित, २ र ५ नं. वडाहरूको वडा अध्यक्षहरू मगर नै रहेको पाइयो ।

यस क्षेत्रका मगरहरूको सांस्कृतिक अवस्थाको अध्ययन गर्ने क्रममा खानपान, भेषभुषा, रहनसहन, चाडपर्व आदिका बारेमा वर्णन गरिउको छ । प्राय मगरहरू हिन्दु धर्मका चाडपर्वहरू मनाउँदछन् । यिनीहरूका संस्कार ब्राह्मण समुदायसँग मिल्दाजुल्दा पाईन्छन् ।

जन्मसंस्कार, कर्मसंस्कार, विवाहसंस्कार, मृत्युसंस्कार जस्ता संस्कारहरूको वर्णन गरिएको छ । वार्षिक आय र व्ययको विवरणलाई हेर्दा बचत हुने, बचत नहुने वा आयव्यय बराबर हुने र अपुग हुने गरी विभाजन गरिएको छ । खाद्यन्न महँगी लगायत अन्य क्षेत्रको खर्चले वास्तविक बचत हुने अवस्था न्यून रहेको छ । खेती योग्य जमीन सबै परिवारमा समान किसिमको छैन । जमिन वितरणको अवस्था राम्रो छैन ।

# सन्दर्भ सूची

केन्द्रिय तथ्याङ्क विभाग (२०५८) सूचना तथा सञ्चार मन्त्रालय, काठमाण्डौ ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६७) 'पपुलेसनमोनोग्राफ अफ काठमाण्डौ', राष्ट्रिय आयोग ।

गाउँपालिका/नगरपालिकाको वस्तुगत विवरण, तनहुँ (२०७५), तथ्याङ्क कार्यालय, पोखरा, कास्की ।

घर्ती मगर, वलबहादुर (२०७७) के 'मगरात' मगरजातिको मौलिक धर्म संस्कृतिको पहिचान वन्नसक्छ, पहिलो पेज, कार्तिक २ ।

ढकाल, शान्तीप्रसाद (२०७३) भाषा विज्ञान र नेपाली भाषा, पिनाकल पव्लिकेशन प्रा.लि.,काठमाडौ ।

पराजुली, तीर्थराज र अन्य (२०६९),'अनुसन्धान पद्धति' काठमाण्डौ हेरिटेज पव्लिकेसन ।

मगर, रुद्र सन्देश (२०७६) मगरजातिका संस्कार र संस्कृतिहरू, आदर्श समाज, असोज १५

पौडेल, चन्द्रकान्त (२०६५) युरोपेली इतिहाँस लेखन तथा अनुसन्धान विधि, पार्वती क्षेत्री र कलादेवी बराल पौडेल ।

बराल, उमानाथ (२०१०) मगर्स इन पोलीटिक्स : ए केश स्टडी अफ पाल्पा, कास्की एण्ड म्याग्दी डिस्ट्रीक्ट, ऐन अनपव्लिस पि.एच.डी.डिजर्टेशन सवमिटेड टु डीन अफिस ह्युम्यनिटीज एण्ड सोसल साइन्स, फ्याकल्टी, त्रि.वि. काठमाडौं ।

वराल, केशरजंग (२०३८)'पाल्पा, तनहुँ र स्याङ्जाका मगरको संस्कृति', अस्मिता पव्लिकेसन, काठमाण्डौ ।

वस्याल, तारा प्रसाद (२०६८),'स्याङ्जा जिल्ला मालुङ्गा गा.वि.स.का मगर जातिको सामाजिक, आर्थिक तथा सास्कृतिक अवस्थाको अध्ययन' स्नातकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

विष्ट, डोरबहादुर (१९८०),'पिपल्स अफ नेपाल', काठमाण्डौ, रत्न पुस्तक भण्डार ।

# परिशिष्ट एक

## घिरिङ्ग गाउँपालिकाका मगरजातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको अध्ययनका लागि तथ्याङ्क संकलनका क्रममा प्रयोग गरिएका अर्न्तवार्ता

**सूचिः**

१. व्यक्तिगत विवरण

क) घरमूलीको नामः

ख) उमेरः 　　　　　　　　ग) पेशाः

घ) शिक्षाः 　　　　　　　　ङ) भाषाः

च) धर्मः 　　　　　　　　छ) लिङ्ग

ज) परिवार संख्याः

२. तपाँइ यहीको वासिन्दा हो वा वसाइ सरी आउनु भएको हो र वसाइ सरी आउनु भएको हो भने कहाँबाट किन वसाइ सरेको हो र कति वर्ष भया ?

३. तपाँइको परिवार कस्तो परिवार हो ?

क) एकात्मक 　　ख) संयुक्त 　　ग) वृहत

४. समूदायमा हुने वैठकमा तपाँइको घरबाट कसले सहभागिता जनाउँदछ ?

क) महिला 　　ख) पुरुष

५. तपाँइका परिवारका कुनै सदस्य कुनै सामाजिक संघ संस्थामा संलग्न हुनुहुन्छ ?

क) हुनुहुन्छ 　　ख) हुनुहुन्न

६. तपाँइले कति वर्षको उमेरमा विवाह गर्नु भएको हो ?

कुन उमेरमा विवाह गर्न उपयुक्त मान्नु हुन्छ ?

७. तपाँइले परिवार नियोजन गर्नु भएको छ ?

क) छ 　　ख) छैन

८. परिवार नियोजन गरेको भए श्रीमान् वा श्रीमती कसले गर्नु भएको छ ?

क) श्रीमान् 　　ख) श्रीमती

९. रोग लागेमा कहाँ उपचार गराउनु हुन्छ ?

क) अस्पताल ख) धामी झाक्री ग) दुवै

१०. पहिलेभन्दा अहिले उपचार गराउने कार्यमा कस्ता परिवर्तन आएका छन् ?

११. तपाँइको परिवारको साक्षरता स्तार कस्तो छ ?

क) साधारण साक्षर ख) आधारभूत ग) माध्यमिक घ) उच्च शिक्षा

१२. तपाँइको विचारमा छोराछोरीलाई समान पढाउनु पर्दछ ?

क) छोरा ख) छोरी ग) दुवै

१३. तपाँइले मनाउने मुख्य चाड कुन कुन हन् ?

क) दशैं ख) तिहार ग) ल्होसार घ) अन्य

१४. मगर जातिका जातीय संस्कार कुन कुन हुन् ?

१५. तपाँइले कुन संस्कारलाई बढि महत्व दिनु हुन्छ ?

क) जन्म संस्कार ख) विवाह संस्कार ग) मृत्यू संस्कार

१६. तपाँइको घरमा आउनु पाहुनालाई के ले स्वागत गर्नुहुन्छ ?

क) चियापानी ख) जाँडरक्सी ग) अन्य

१७. जन्म संस्कार कसरी कति दिनसम्म गरिन्छ ?

१८. मृत्यू संस्कार कसरी कति दिन दुःखमा राख्ने गर्नु हुन्छ ?

१९. छोरा छोरीलाई कति समयमा अन्न प्राशन गराउनु हुन्छ ?

२०. तपाँइको परिवारको वार्षिक आम्दानी कतिजती हुन्छ ?

२१. तपाँइको परिवारको वार्षिक खर्च कतिजति हुन्छ ?

२२. यहाँका मगरहरूको मुख्य पेशा के हो ?

२३. तपाँइहरूका सहायक पेशाहरू के के छन् ?

२४. आय आर्जनका स्रोतहरू के के छन् ?

क) कृषि ख) व्यापार ग) नोकरी घ) वैदेशिक रोजगार ङ) अन्य

२५. महिला र पुरुषहरूका पेशाहरू कस्ता कस्ता छन् ?

२६. बुढापाका र नयाँ पुस्ताको पेशा फरक फरक छ छैन छ भने के कस्ता छन् ?

२७. आय आर्जनका लागि वस्तुभाउ पाल्नु भएको छ ? छ भने के के पाल्नु भएको छ ?

क) गाई/भैसी ख) वाख्रा ग) कुखुरा घ) वंगुर

२८. तपाँइको जग्गा कति छ र के के छ ?

क) खेत ख) वारी ग) पाखो घ) घडेरी

२९. तपाँइको परिवारलाई आफ्नो जग्गाको उव्जाउले कति समय खान पुग्दछ ?

क) १–३ महिनासम्म ख) १–६ महिनासम्म

ग) १–९ महिनासम्म घ) १–१२ महिनासम्म

३०. तपाँइको आय व्ययको अवस्था के कस्तो छ ?

क) वचत हुने ख) आय व्यय वरावर हुने ग) अपुग हुने

३१. छोरीलाई पैत्रिक सम्पत्तिको हकदार वनाउने कुरा तपाँइलाई कस्तो लाग्दछ ?

क) ठीक ख) वेठीक

# परिशिष्ट दुई

**अर्न्तवार्ता लिइएका व्यक्तिहरूको नामावली**

१. गाउँपालिकाका अध्यक्ष श्री रन बहादुर राना

२. गाउँपालिकाका उपाध्यक्ष श्री सरस्वती घिमिरे

३. वडा नंवर ३ का वडा अध्यक्ष श्री रन वहादुर गुरुङ्ग

४. गाउँपालिका सदस्य श्री टहलसिंह थापा मगर

५. शिक्षक श्री महाकाली रानाभाट

६. समाज सेवी श्री पुर्ण सिंह थापा मगर

७. श्री हुमा थापा मगर

८. श्री खम बहादुर थापा

९. श्री केशर बहादुर थापा

१०. श्री नर बहादुर थापा

# परिशिष्ट तीन

**नेपाल मगर संघ, घिरिङ्ग गाउँपालिका, तनहुँ**

१. अध्यक्ष श्री जित बहादुर थापा

२. उपाध्यक्ष श्री यम बहादुर राना

३. सचिव श्री थमन सिंह राना

४. कोषाध्यक्ष श्री शान्ती थापा

५. सदस्य श्री विर बहादुर थापा

६. सदस्य श्री गुम बहादुर थापा

७. सदस्य श्री मेख बहादुर आले

८. सदस्य श्री रोहित थापा

९. सदस्य श्री मोहन सिंह आले

१०. सदस्य श्री रेवती राना

११. सदस्य श्री सुरेन्द्र थापा

१२. सदस्य श्री जित बहादुर थापा

१३. सदस्य श्री यम कुमारी थापा

१४. सदस्य श्री चन्द्रकला थापा

१५. सदस्य श्री मेनुका थापा

# परिशिष्ट चार

**छनौट भएका उत्तरदाताको नामावली**

| | |
|---|---|
| १ दिलमाया थापा | २ तिल बहादुर राना मगर |
| ३ शेर बहादुर थापा | ४ भक्त विर राना |
| ५ डिमन सिंह थापा | ६ दिल बहादुर थापा |
| ७ कृष्ण बहादुर थापा | ८ सुनमाया राना |
| ९ शान्त बुढाथोकी मगर | १० अन्तविर थापा |
| ११ पहल सिंह थापा | १२ गोपाल सिंह थापा |
| १३ चोक बहादुर राना | १४ खड्ग बहादुर राना |
| १५ नरबहादुर थापा मगर | १६ खुम बहादुर थापा मगर |
| १७ जग बहादुर थापा | १८ धन बहादुर थापा मगर |
| १९ दिल बहादुर थापा | २० टहल सिंह थापा |
| २१ ओम बहादुर थापा | २२ चन्द्रकला थापा |
| २३ हुमा थापा मगर | २४ मनमाया थापा मगर |
| २५ दलसिंह थापा मगर | २६ रन बहादुर थापा मगर |
| २७ खुम बहादुर थापा मगर | २८ केशर बहादुर थापा |
| २९ नरमति थापा | ३० ओम बहादुर थापा |
| ३१ टोप बहादुर थापा | ३२ लिलामाया थापा |
| ३३ पुर्णसिंह थापा | ३४ लक्ष्मी थापा |
| ३५ नरबहादुर थापा | ३६ खड्ग बहादुर थापा |
| ३७ चोक बहादुर थापा | ३८ कृष्ण बहादुर आले |
| ३९ धनबहादुर थापा मगर | ४० तेज बहादुर थापा |
| ४१ पोहल सिंह थापा | ४२ गोपाल सिंह थापा |

४३ दिल बहादुर थापा

४४ कृष्ण बहादुर थापा

४५ सुनमाया थापा


४६ डिमन सिंह थापा

४७ अन्तरविर थापा

४८ दिल बहादुर थापा

४९ शेर बहादुर थापा

५० भक्तविर थापा



तनहुँ जिल्ला
घिरिङ गाउँपालिका
Bhimad Nagarpalika
Syangja
Rhising Gaunpalika
Palpa
Nawalparasi
1
2
3
4
5
N
Scale
संकेत
वडा नम्बर
वडा सीमाना
गाउँपालिका, नगरपालिका सीमाना
जिल्ला सीमाना